# ‘फैलियो माया दूबोसरी’ गीतिसङ्ग्रहको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत
रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समितिको स्नातकोत्तर तह
द्वितीय वर्षको दसौं पत्रको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

**लक्ष्मण प्रसाद खतिवडा**

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं


२०६७

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समितिका छात्र **लक्ष्मण प्रसाद खतिवडा**द्वारा तयार पारिएको प्रस्तुत **'फैलियो माया दूबोसरी' गीतिसङ्ग्रहको कृतिपरक अध्ययन** नामक शोधपत्र स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| ................ | .................... | ................ |
| --- | --- | --- |
| **विन्दु शर्मा** | **ढुण्डिराज पहाडी** | **तुलसीमान श्रेष्ठ** |
| शोध निर्देशक | बाह्य परीक्षक | विभागीय प्रमुख |

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समितिका छात्र **लक्ष्मण प्रसाद खतिवडा**ले स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि **"फैलियो माया दूबोसरी" गीतिसङ्ग्रहको कृतिपरक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँले मिहिनेतपूर्वक तयार पार्नुभएको यो शोधकार्यबाट म सन्तुष्ट छु । अतः यसको मूल्याङ्कनका लागि नेपाली शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०६८/२/२३

........................

**विन्दु शर्मा**

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

# कृतज्ञता ज्ञापन

गीतकार त्रिविक्रम पाण्डेको **"फैलियो माया दूबोसरी" गीतिसङ्ग्रहको कृतिपरक अध्ययन**सम्बन्धी प्रस्तुत  शोधपत्र मैले रत्न राज्यलक्ष्मी क्याम्पस अन्तर्गत नेपाली विषयको स्नोतकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरुआमा **विन्दु शर्मा**को कुशल निर्देशनमा तयार पारेको हुँ । उहाँले आफ्नो अमूल्य समय दिई मेरो उत्साह बढाउँदै गर्नुभएको निर्देशनले नै यो कार्य सम्पन्न हुन सकेको हो । शोधपत्र लेखनका क्रममा आएका समस्याहरूलाई गम्भिरतापूर्वक समाधान गर्न उचित निर्देशन दिनुहुने गुरुआमा विन्दु शर्माप्रति म कृतज्ञता ज्ञापन गर्दछु । कृतिपरक अध्ययन जस्तो महत्वपूर्ण विषयमा शोधपत्र लेख्नका लागि मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधपत्र लेख्ने अवसर प्रदान गरी उचित सरसल्लाह दिनुहुने विभागीय प्रमुख **तुलसीमान श्रेष्ठ** तथा विभागका आदरणीय गुरुहरूको सहयोगग्रति कृतज्ञ छु ।

शोधनायक **त्रिविक्रम पाण्डे**बाट प्राप्त सहयोगप्रति म आभार व्यक्त गर्न चाहन्छु । त्यस्तै शोधकार्य चाँडै सक्न विभिन्न प्रकारले सहयोग गर्ने र घच्घच्याइरहने मित्रहरू केशव पोखरेल र रामहरी के.सी.पनि धन्यवादका पात्र हुनुहुन्छ । साथै कम्प्युटर टङ्कणमा सहयोग गर्ने मित्र उर्मिला दाहाल र भाइ मोहन प्रसाद खतिवडालाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । शोधकार्यका लागि आवश्यक पर्ने पत्रपत्रिका, पुस्तक उपलव्ध गराई सहयोग गर्ने विभिन्न संघसंस्था एवम् महानुभावहरुप्रति पनि म आभारी छु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समिति समक्ष प्रस्तुत गर्दछु ।

क्रमाङ्क : ४०००४५

त्रि.वि.द.नं. ६-२-३७-८२७-२००२

मिति: २०६८/२/२३

........................

**(लक्ष्मण प्रसाद खतिवडा)**

शोधार्थी

रत्न राज्यलक्ष्मी क्याम्पस

प्रदर्शनी मार्ग, काठमाडौं

# संक्षिप्त शब्दसूची

| **संक्षिप्त रुप** | **पूर्ण रुप** |
|---|---|
| आइ.कम. | इन्टरमिडियट इन कमर्श |
| वि.सं. | विक्रम सम्वत |
| गा.वि.स. | गाउँ विकास समिति |
| मा.वि. | माध्यमिक विद्यालय |
| ई.पू. | ईशा पूर्व |

# विषयसूची

पृष्ठ

परिच्छेद एक


**शोधपरिचय** **१-५**

१.१ शोधशीर्षक १

१.२ शोधकार्यको प्रयोजन १

१.३ विषय परिचय १

१.४ शोधसमस्या २

१.५ अध्ययनको उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा ३

१.७ अध्ययनको औचित्य र महत्त्व ४

१.८ अध्ययनको सीमाङ्कन ४

१.९ सामग्री सङ्कलन र शोधविधि ५

१.१० शोधपत्रको रूपरेखा ५


परिच्छेद दुई


**गीतको सिद्धान्त र नेपाली गीतको वर्गीकरण** **६-२७**

२.१ गीतको व्युत्पत्ति, अर्थ र परिभाषा ६

२.१.१ गीतको व्युत्पत्ति र अर्थ ६

२.१.२ गीतको परिभाषा ६

२.२ गीतसम्बन्धी सैद्धान्तिक अध्ययन ७

२.२.१ गीतसम्बन्धी पूर्वीय सिद्धान्त ७

२.२.२ गीतसम्बन्धी पाश्चात्य सिद्धान्त ८

२.३ गीतका प्रमुख तत्त्वहरू १०

२.३.१ संरचना र स्वरूप १०

२.३.२ विषयवस्तु र भाव १०

२.३.३ परिवेश चित्रण ११

२.३.४ लयविधान ११
२.३.५ अनुप्रासयोजना १२
२.३.६ बिम्बविधान १२
२.३.७ भाषाशैली १२
२.४ गीतका विशेषताहरू १२
२.४.१ आत्मपरकता १३
२.४.२ संक्षिप्तता तथा आख्यानविहीनता १३
२.४.३ एकान्विति १४
२.४.४ वैयक्तिकता तथा इमानदारिता १४
२.४.५ सम्बोधनात्मक प्रस्तुति १४
२.५ नेपाली गीतको ऐतिहासिक रूपरेखा र विकासक्रम १५
२.५.१ नेपाली गीतको ऐतिहासिक रुपरेखा १५
२.५.२ नेपाली गीतको विकासक्रम १६
२.६ नेपाली गीतको वर्गीकरण २१
२.६.१ विषयको आधारमा नेपाली गीतको वर्गीकरण २१
२.६.१.१ सामाजिक गीत २१
२.६.१.२ राजनीतिक गीत २२
२.६.१.३ साँस्कृतिक गीत २२
२.६.१.४ दार्शनिक गीत २२
२.६.१.५ मानवीय सुखदुःखका गीत २३
२.६.१.६ प्रेममूलक गीत २३
२.६.१.७ भक्ति गीत २३
२.६.१.८ बालगीत २३
२.६.१.९ देशभक्तिमूलक गीत २४
२.६.२ लय वा सङ्गीतको आधारमा नेपाली गीतको वर्गीकरण २४
२.६.२.१ लोकगीत २४
२.६.२.२ आधुनिक गीत २५
२.६.२.३ शास्त्रीय गीत २५
२.६.२.४ पपगीत २५

२.६.३ प्रस्तुतिको आधारमा नेपाली गीतको वर्गीकरण २५
२.६.३.१ एकल गीत २६
२.६.३.२ युगल गीत २६
२.६.३.३ सामूहिक गीत २६
२.७ गीत विधाको अन्य साहित्यिक विधासँगको सम्बन्ध २६
२.७.१ गीत र कविता २७
२.७.२ गीत र गजल २७

## परिच्छेद तीन

**त्रिविक्रम पाण्डेको गीतकार व्यक्तित्व** **२८-३५**
३.१ जन्म र जन्मस्थान २८
३.२ पारिवारिक पृष्ठभूमि २८
३.३ बाल्यकाल र शिक्षादीक्षा २९
३.४ ब्रतबन्ध र वैवाहिक जीवन ३०
३.५ पेशा / व्यवसाय ३०
३.६ प्रेरणा र प्रभाव ३१
३.७ व्यक्तित्व ३१
३.७.१ शारीरिक व्यक्तित्व ३१
३.७.२ साहित्यिक व्यक्तित्व ३२
३.७.२.१ कथाकार व्यक्तित्व ३२
३.७.२.२ मुक्तककार व्यक्तित्व ३२
३.८ कृतित्त्व ३३
३.९ पुरस्कार र सम्मान ३५

## परिच्छेद चार

**गीतहरूको अध्ययन र विश्लेषण** **३६-५६**
४.१. परिचय ३६
४.२. गीतहरूको अध्ययन र विश्लेषण ४५
४.२.१. संरचना र स्वरुप ४५

४.२.२. विषयवस्तु र भाव ४६

४.२.३. परिवेश चित्रण ५०

४.२.४. लयविधान ५३

४.२.५. अनुप्रास योजना ५४

४.२.६. बिम्बविधान ५४

४.२.७. भाषाशैली ५५

**परिच्छेद पाँच**

**उपसंहार एवं निष्कर्ष** **५७-५९**

५.१. विषयप्रवेश ५७

५.२ त्रिविक्रम पाण्डेको गीतकारिताको मूल्याङ्कन ५८

५.३ निष्कर्ष ५९

सन्दर्भग्रन्थ सूची ६०

परिशिष्ट ६१

परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **"फैलियो माया दूबोसरी" गीतिसङ्ग्रहको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली शिक्षण समिति, स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको आवश्यक परिपूर्ति गर्नु नै यस शोधकार्यको प्रयोजन रहेको छ ।

## १.३ विषय परिचय

त्रिविक्रम पाण्डे नेपाली साहित्यका सृजनशील प्रतिभा हुन् । उनले नेपाली साहित्यको गीत, कथा, मुक्तक, कविता आदि विविध विधामा कलम चलाए पनि उनको वर्चस्व गीतिक्षेत्रमा नै रहेको छ । उनी वि.सं. २०४० को दशकदेखि नेपाली गीतिक्षेत्रमा देखापरेका स्रष्टा हुन् ।सामाजिक कुरीति र विसङ्गतिप्रति गीतमार्फत दह्रो प्रतिवाद गर्ने पाण्डेका गीतमा मानिसका जीवनका विविध पाटाहरू दुःख-पीडा, हाँसो-खुसी, आँशु-विरह, मिलन-विछोड आदि भाव प्रस्तुत भएका हुन्छन् ।

नेपाली साहित्यमा गीतको सुरुवात लोकगीतबाट भएको पाइन्छ । डोटी र कर्णाली प्रदेशमा देखा परेका संस्कार गीत, देवगाथा, वीरगाथा आदि हुँदै विकसित भएको लोकगीतहरू नै नेपाली गीतका आधारभूमि हुन् । लोकगीतको परम्परा आजसम्म चल्दै आएपनि लेख्य नेपाली गीतको सुरुवात माध्यमिक कालका केन्द्रीय प्रतिभा मोतीराम भट्टबाट भएको पाइन्छ । यसपछि शम्भु प्रसाद ढुङ्गेल, लेखनाथ पौड्याल, बालकृष्ण सम,

लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, माधव प्रसाद घिमिरे , म.वी.वि. शाह, शङ्कर लामिछाने, सिद्धिचरण श्रेष्ठ, कोइलीदेवी माथेमा, भूपि शेरचन, किरण खरेल, अम्बर गुरुङ्ग, बैरागी काइँला, क्षेत्रप्रताप अधिकारी, कालीप्रसाद रिजाल, कृष्णहरि बराल, नरेन्द्रराज प्रसाई, श्रवण मुकारुङ, तारानाथ शर्मा, शम्भुजित बाँसकोटा, बुलु मुकारुङ, शिला पन्त हुँदै त्रिविक्रम पाण्डेसम्म आइपुगेको छ । पाण्डेको **सिरेटो**(२०५२), गीति एल्बम र **फैलियो माया दूबोसरी** (२०६१)गीति सङ्ग्रका साथै विभिन्न पत्रपत्रिका एवं विभिन्न गायक, गायिका, सङ्गीतकारहरूका गीति एल्बमहरूमा थुप्रै गीतहरू प्रकाशित/सार्वजनिक भएका छन् ।

**फैलियो माया दूबोसरी(२०६१)** गीतिसङ्ग्रमा सङ्कलित गीतहरूले मानवीय संवेदना दर्शाएका छन् । आफ्नै नेपाली परिवेश र मौलिकता बोकेका उनका गीतहरू प्रेम प्रणयमा मात्र सीमित नरही जीवनका विविध पक्षको वकालत गर्दै राष्ट्र, राष्ट्रियता, नेपाली माटो र जनजीवनप्रति नजिक भएका छन् । यस्ता भावहरू प्रस्तुत भएका गीतहरूलाई सिद्धान्तको कसीमा यथासक्य जाँच्नु नै प्रस्तुत शोधकार्यको विषय रहेको छ ।

## १.४ शोधसमस्या

नेपाली भाषा तथा साहित्यको विकासमा गीतहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण र ओजश्वी रहने गर्दछ । गीतहरू पनि भाषिक एवं साहित्यिक उन्नतिका लागि मेरुदण्ड हुन् ।

त्रिविक्रम पाण्डेका गीतहरूको अध्ययन विषयक शोधकार्य गर्न निम्नलिखित शोधसमस्या रहेका छन् :

(क) गीतको सिद्धान्त के कस्तो रहेको छ ?

(ख) त्रिविक्रम पाण्डेको गीतकार व्यक्तित्व के-कस्तो रहेको छ ?

(ग) सिद्धान्तको कसीमा त्रिविक्रम पाण्डेका गीतहरूको स्थान के-कस्तो रहेको छ ?

## १.५ अध्ययनको उद्देश्य

वि.सं.२०४६ सालमा १९ वर्षे उमेरमा नै **"धेरै माया गर्छु म एक पत्थरलाई, तर पत्थर सक्दैन माया गर्न मलाई"** बोलको गीत रेडियो नेपालमा रेकर्डिङ्ग गराई औपचारिक रुपमा नेपाली गीति क्षेत्रमा पाइला चालेका पाण्डेका गीतहरूले नेपाली साहित्यमा पुऱ्याएको

योगदानको दिग्दर्शन गराउनु र मूल्याङ्कन गर्नका लागि यस शोधपत्रमा निम्नलिखित उद्देश्यहरू तय गरिएका छन् :

(क) गीतको सैद्धान्तिक चिनारी प्रस्तुत गर्नु ,

(ख) पाण्डेको गीतकार व्यक्तित्वको पहिचान गर्नु, र

(ग) सिद्धान्तको कसीमा पाण्डेका गीतहरूको स्थान निर्धारण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

वि.सं. २०४० सालदेखि निरन्तर गीत विधा मार्फत नेपाली साहित्यको अझ भनौं नेपाली गीतिक्षेत्रमा सेवा गर्दै आएका गीतकार त्रिविक्रम पाण्डेको साहित्य क्षेत्रमा अतुलनीय योगदान रहेको छ । मूलतः गीतलेखनको क्षेत्रमा टड्कारो योगदान दिए पनि कथा लेखन, मुक्तक, कविता आदिका क्षेत्रमा पनि उनको योगदान उल्लेख्य मानिन्छ ।

उनको **फैलियो माया दूबोसरी** गीतिसङ्ग्रहका बारेमा विभिन्न समीक्षक समालोचकहरूद्वारा विभिन्न लेखरचना मार्फत चर्चा गरिएको पाइन्छ । जुन निम्नानुसार छन् :

(क) माधवप्रसाद घिमिरेले (फैलियो माया दूबोसरी, २०६१) “गीतहरू भित्रैबाट सङ्गीत निस्केको र गीतकारको मनभित्रैबाट गीत निस्केको ” भन्ने कुरा उल्लेख गरेका छन् ।

(ख) किरणबहादुर पाण्डेले (फैलियो माया दूबोसरी, २०६१) “गीत लेखनमा यात्रारत नयाँ पुस्ताका लागि प्रेरणाका श्रोत” भएको तथ्य स्वीकार गरेका छन् ।

(ग) विनय वर्माले (फैलियो माया दूबोसरी, २०६१) “सरल भाषामा गहिरो भाव व्यक्त गर्ने क्षमताका धनी गीतकार” भनेर परिचित गराएका छन् ।

(घ) सावित्रा शिवाकोटी (पाण्डे) ले (फैलियो माया दूबोसरी, २०६१) “गीतहरू धेरैजसो प्रेम र थोरैजसो दर्शन, धेरैजसो स्वदेश र थोरैजसो विश्व विषयमा आधारित भएको” बताएकी छिन् ।

(ङ) यम विरहीले (राजधानी दैनिक, २०६१) ”मिलन, विछोड र वेदनाको त्रिवेणी”को रुपमा सङ्ग्रहलाई स्वीकारेका छन् ।

(च) विष्णु घिमिरे ”गगनले” (जनप्रहार साप्ताहिक, २०६१) “कलात्मक, प्रयोगात्मक तथा लयात्मक ढङ्गमा रचिएका गीतहरूको सङ्ग्रह” भनेका छन् ।

(छ) बालकृष्ण बस्नेतले (कान्तिपुर, २०६१) "मन आनन्दित तुल्याउने भाव र सन्देशमूलक गीतहरूको सङ्ग्रह" भनेका छन् ।

(ज) खिमानन्द आचार्यले (गोरखापत्र, २०६१) "धेरैजसो गीतहरू प्रेममय सागरमा पौडी खेलेका" भनेका छन् ।

(झ) विष्णु सुवेदी र अन्यले (दोलखाली समकालीन साहित्य, २०६३) "आँसु र हाँसोका मात्र गीत नभई राष्ट्रिय भावनाका गीतहरू पनि लेख्ने गीतकार" भनेका छन् ।

(ञ) रामेश्वर राउतले (जनभावना, २०६५) "राष्ट्रिय र राष्ट्रियता नै गीतसङ्ग्रहको विशेषता" भनेका छन् ।

यसरी केही व्यक्तिहरूले उनको गीतिसङ्ग्रहका बारेमा केही धारणा राखे पनि उनको समग्र गीतहरूको समग्र अध्ययन र विश्लेषण हालसम्म नगरिएकाले यस शोधकार्यमा उनका गीतहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

## १.७ अध्ययनको औचित्य र महत्त्व

नेपाली गीतिलेखन क्षेत्रमा विभिन्न गीतकारहरूको महत्त्वपूर्ण योगदान रहेको छ । यस्ता गीतकारहरूमध्ये गीतकार त्रिविक्रम पाण्डे र उनको **फैलियो माया दूबोसरी** गीतिसङ्ग्रह पनि नेपाली गीति क्षेत्रको एक महत्त्वपूर्ण उपलब्धि हो । यस गीतिसङ्ग्रहको बारेमा केही समीक्षाहरू गरिए पनि समग्र अध्ययन एवं विश्लेषण नभएको हुँदा शोधपत्र तयार गरिनु आवश्यक रहेकाले प्रस्तुत शोधकार्यमा सो आवश्यकता पूरा गरिएको छ । साथै सिद्धान्तको कसीमा गीतहरूलाई शोधपत्रका माध्यमबाट विश्लेषण गरिएको छ । यसले पाण्डे र उनको गीतहरूका बारेमा जान्न चाहने पाठकवर्गलाई समेत सहयोग पुऱ्याउने हुँदा यसको आफ्नै औचित्य र महत्त्व रहेको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

नेपाली गीति लेखन क्षेत्रमा सक्रिय त्रिविक्रम पाण्डेको वि.सं. २०४० देखि वि.सं. २०६० सम्म लेखेका गीतहरूको सङ्ग्रह **फैलियो माया दूबोसरी** लाई अध्ययनको विषय बनाई शोधकार्य सम्पन्न गरिएको छ । साथै सैद्धान्तिक कसीमा उनका गीतहरूको यथासक्य विश्लेषण गरी सैद्धान्तिक एवं प्रभावपरक दृटिकोणबाट शोधकार्य गरिएको छ

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्यमा पुस्तकालयीय अध्ययनलाई नै सामग्री सङ्कलनको प्रमुख स्रोत बनाइएको छ । यसका अतिरिक्त पत्रपत्रिकाकाहरूको अध्ययन, प्रश्नावली एवं सम्बन्धित गीतकार एवं उनका रचनासँग संलग्न व्यक्तिहरूबाट लिइने जानकारीलाई सामग्री सङ्कलनको अर्को प्रमुख आधार बनाइएको छ। यस शोधकार्यमा **फैलियो माया दूबोसरी** गीत सङ्ग्रहको अध्ययन र विश्लेषण गरिने भएकाले आवश्यकता अनुसार सैद्धान्तिक एवं वर्णनात्मक समालोचना पद्धतिको उपयोग गरिएको छ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न पाँच परिच्छेदमा विभाजन गरिएको छ।

**परिच्छेद एक** : शोध परिचय

**परिच्छेद दुई** : गीतको सिद्धान्त र नेपाली गीतको वर्गीकरण

**परिच्छेद तीन** : त्रिविकम पाण्डेको गीतकार व्यक्तित्व परिचय

**परिच्छेद चार** : पाण्डेका गीतहरूको अध्ययन र विश्लेषण

**परिच्छेद पाँच** : उपसंहार एवं निष्कर्ष

अन्त्यमा सन्दर्भसामग्री सूची र परिशिष्ट रहेको छ।

परिच्छेद दुई

# गीतको सिद्धान्त र नेपाली गीतको वर्गीकरण

## २.१ गीतको व्युत्पत्ति, अर्थ र परिभाषा

### २.१.१ गीतको व्युत्पत्ति र अर्थ

गीत तत्सम शब्द हो । यो शब्द **गै** धातुमा **क्त** प्रत्यय लागेर बनेको छ यसले गाइएको कुनै रचनाविशेषलाई सङ्केत गर्छ । **गै** धातुमा **ल्युट्** (**अन**) प्रत्यय लागेर **गानम्** बनी यसबाट विकसित भएको गाना शब्दले पनि गीतलाई नै बुझाएको पाइन्छ भने गीति शब्दबाट निर्मित गीतिका शब्दले चाँहि गीतका साथै छोटाखाले गीतलाई पनि बुझाउने गर्छ (बराल,२०६०:१२) । अमरकोशमा गीत र गानलाई समान अर्थबोधकका रुपमा लिइएको छ । अङ्ग्रेजी साहित्यमा गीतलाई सङ र लिरिक भनिन्छ । सङ्लाई सङ्गीतबद्ध गरिएको रचनाविशेषको रुपमा लिइन्छ (थापा,२०६६:४३) । हुन त गीत वाद्ययन्त्रसहित वा वाद्ययन्त्रबाहेक र एक्लै वा समूहमा गाउने रचनाविशेष हो ।

### २.१.२ गीतको परिभाषा

गीत प्राचीन समयदेखि अहिलेसम्म उस्तै गतिकासाथ चलि आएको सर्वाधिक प्रिय विधा हो । यसको महत्त्वलाई प्राचीन आचार्यहरूले पनि स्किारेको देखिन्छ । विभिन्न विद्वान तथा गीतकारहरूले गीतका सम्बन्धमा आ-आफ्नै धारणाहरू राखेका छन् । तीमध्ये केही महत्त्वपूर्ण परिभाषाहरू तल उल्लेख गरिन्छन् ।

- इन्साइक्लोपेडिया , भोलुम-२५ अनुसार- सङ्गीतसँग स्वरको सामञ्जस्य भएको वा गरिने शब्दहरुको लयबद्ध अभिव्यक्तिलाई गीत भनिन्छ । ( बराल, २०६०:१७)
- न्यु इन्साइक्लोपेडिया विटनिका, भोलुम ९ अनुसार- एक्लै वा समूह रुपमा वाद्ययन्त्रसहित वा यसको अभावमा नै गाइएको वा गाउनका लागि तयार पारिएको रचनालाई गीत भनिन्छ । ( बराल,२०६०:१७)

- कृष्णहरि बरालका अनुसार - एउटै वक्ताको भाव तथा मनस्थिति सरलताका साथ अभिव्यक्त भएको अनुभूति प्रधान त्यस्तो अआख्यानात्मक तथा अनाटकीय आत्मपरक रचनालाई गीत भनिन्छ, जुन सङ्क्षिप्त हुनाका साथै खास प्रकारको लय तथा सङ्गीतव्यवस्थामा आबद्ध हुन्छ । ( बराल,२०६०:१८)
- जे.ए. कडनका अनुसार- एउटै वक्ताको भाव तथा विचार प्रस्तुत गरिने वैयक्तिक तथा आत्मपरक शैलीमा रचिएको सङ्क्षिप्त आयामले युक्त अआख्यानात्मक रचनालाई गीत भनिन्छ । ( बराल, २०६०:१७)
- कालीप्रसाद रिजालका अनुसार- गीत मनको स्वर हो, प्रतिध्वनि हो । ( थापा,२०६६:४४)
- मोहनहिमांशु थापाका अनुसार - जीवनभोगाइका क्रममा प्राप्त भाव र अनुभूतिको कलात्मक , संवेगात्मक र गेयात्मक प्रस्तुति नै गीत हो । ( बराल, २०६०:१८)

माथिका परिभाषाहरुमध्ये कुनै परिभाषाले लयबद्ध अभिव्यक्ति कुनैले गाउनका लागि तयार गरिएको रचना कुनैले मनको स्वर, कुनैले अनुभूतिको प्रस्तुति आदि भनेर गीतको परिभाषा गरेको पाइए पनि कृष्णहरि बरालको परिभाषा बाहेक अन्य परिभाषाहरुले गीतको पूर्ण परिभाषा दिन नसकेकोले गीतको परिभाषालाई निम्नानुसार पूर्ण बनाउन सकिन्छ ।

**जीवनजगतका मार्मिक र मधुर अभिव्यक्तिहरु लयात्मक शैलीमा प्रस्तुत भएको, शब्दसङ्गीतको अनौठो अनुभूति रहेको एउटै वक्ताको भाव तथा मनस्थिति सरलताका साथ अभिव्यक्त अनुभूतिप्रधान अआख्यानात्मक तथा अनाटकीय आत्मपरक रचनालाई गीत भनिन्छ , जुन संक्षिप्त हुनुका साथै खास प्रकारको लय तथा सङ्गीत व्यवस्थामा आबद्ध हुन्छ ।**

## २.२ गीतसम्बन्धी सैद्धान्तिक अध्ययन

### २.२.१ गीतसम्बन्धी पूर्वीय सिद्धान्त

हाम्रो प्राचीनतम वाङ्मयका रुपमा रहेको वैदिक ऋचा र मन्त्रका सस्वरबाटै गीत र गायनले पाइला सारेको कुरा गीतको पूर्वीय परम्परा भएको पाइन्छ भने तीन वेद हुँदै चौथो

वेद सामवेदसम्म आइपुग्दा गीतको सामान्य विस्तार भएको देखिन्छ । ऋग्वेद, यजुर्वेद, अथर्ववेदमा प्रयोग भएका वैदिक स्वरहरू सामवेदसम्म आइपुग्दा सात स्वरमा बाँडिएको पाइन्छ । हुन त सामवेदलाई सङ्गीतको भण्डार नै मानिन्छ ( बराल,२०६०:६) । गीतले आफूलाई अझै अघि बढाउँदै लैजाँदा वेदको उपवेद गन्धर्व वेदसम्म बिस्तार गर्दै लगेको पाइन्छ । यसरी हेर्दा गीत एकातर्फ वैदिक ऋचा र मन्त्रबाट अनि अर्कोतर्फ सङ्गीत विधाको परम्पराबाट अघि बढेको पाइन्छ । संस्कृतमा नाटक रचना गर्ने भरतमुनिले नाटकको एक अपरिहार्य तत्त्वको रुपमा गीतलाई स्विकारी गीतको प्रयोग भएको नाटक नै सफल हुने बताएका छन् । काव्यतर्फ वाल्मीकि **रामायण**मा प्रयोग गरिएको लयमा सङ्गीतका नयाँ-नयाँ लक्षणहरूको जन्म भएको पाइन्छ ।

संस्कृत भाषामा भर्तृहरि, अमरुक , भल्लट आदिका शतकहरू तथा विभिन्न नाटककारहरूले नाटकहरूमा प्रयोग गरेका गीतहरू मुक्तगीत तथा गीतिकाव्यका रुपमा रचिएको पाइन्छ । कवि जयदेवको **गीतगोविन्द** गीतिकाव्य पूरै गेयको रुपमा आएको पाइन्छ । यसपछि रुपगोस्वामीको **स्तवमाला** जगन्नाथको **भामिनी विलास**, मयुर भट्टको **सूर्य सतक** आदि देखिन्छन् ।

सँस्कृत भाषाको समयपश्चात् प्राकृत भाषाको समयमा पनि गीत लेखनक्रमले निरन्तरता पाएको देखिन्छ । प्राकृत भाषामा गीतको लेखन ई.पू. पाँचौ शताब्दीदेखि हुन लागेको मानिन्छ भने थेरी गाथा यस दृष्टिले प्रथम उल्लेख्य कृति मानिन्छ । अपभ्रंश कालमा रास र दोहाहरू लेखिएको जानकारी पाइन्छ । रासमा विभिन्न नायिकाहरू गीत गाउँदै नृत्य गर्छन् भने यस कालमा दोहालेखन पनि अगाडि बढेको पाइन्छ । यसरी हेर्दा सँस्कृत , प्राकृत र अपभ्रंशकालमा गीतको लेखनले निरन्तरता पाइरहेको र यसको प्रवाह आज पनि निरन्तर अघि बढिरहेको पाइन्छ ।

### २.२.२ गीतसम्बन्धी पाश्चात्य सिद्धान्त

पश्चिममा गीतको विकास ई.पू. २६०० तिरबाट भएको मानिन्छ । त्यस क्रममा कसैको शोकमा चिहानमा लेखिएको शोकगीत, राजाको प्रशंसा गरेर लेखिएका सम्बोधन गीत तथा भगवानको प्रार्थना गरी लेखिएका भक्तिगीत नै पश्चिमेली गीतका प्राचीनतम नमुनाका रुपमा देखा परेको पाइन्छ भने भेडीगोठाला र माझीका गीतहरू पनि यस

समयावधिमा रचिएका देखिन्छन् (बराल, २०६०:९) । यसैगरी नृत्यको सङ्गीत तथा कुनै धार्मिक अवसरका लागि लौकिक रुपमा गाइने गीतहरूबाटै गीतको परम्परा विकसित हुँदै गाथा र गाथाचक्रबाट पश्चिमका प्राचीन वाङ्मय मानिने होमरका **इलियड र ओडिसी** जस्ता महाकाव्यमा परिणत भएको पाइन्छ । पश्चिममा सुखान्त तथा दुःखान्त नाटकको विकास पनि गीत तथा नृत्यकै कोखबाट विकसित भएको देखिन्छ । अरिस्टोटलको **काव्यशास्त्र**मा पनि रौद्रगीत , वेणुगीत आदिको चर्चा हुनु र दुःखान्त नाटकको एउटा अभिन्न अङ्गको रुपमा पनि गीत स्विकारिनुको तात्पर्य त्यहाँ गीतको सैद्धान्तिक सोचाइ सुरु हुनु हो । ई.पू. छैटौं शताब्दीतिर आइपुग्दा  आत्मपरक र वस्तुपरक दुबै प्रकारका गीतको रचना भइसकेको देखिन्छ । यसै समयमा सफ्फो एरियन, इविकस, स्टेसिकोरस् आदिले गीतका राम्रा नमुना प्रस्तुत गरेको पाइन्छ भने ई.पू. पाचौं शताब्दीमा पिण्डार, एस्काइलस, सोफोक्लिज तथा युरिपाइडिसजस्ता सर्जकहरूले प्रशस्त सम्बोधन गीत तथा अन्य गीतहरूको रचना गरेका पाइन्छ । यसरी ई.पू. सातौदेखि पाँचौ शताब्दीसम्ममा गायन तथा नृत्यका लागि आत्मपरक तथा वस्तुपरक दुबैखाले गीतहरू रचना गरिए । यसपछि ईशाको तेस्रो-चौथो शताब्दीतिर स्तुति गीतको रचना भएको भेटिन्छ भने मध्ययुगमा आएर नाच्ने र गाउने उद्धेश्यले धार्मिक तथा भक्तिभावका गीतहरू प्रशस्त लेखिएको पाइन्छ । यसक्रममा गीतले आफूभित्र भएको अन्तरसङ्गीतलाई आत्मसात् गर्दै सङ्गीतबाट अलग भई वैयक्तिकता प्राप्त गरेको पाइन्छ । सोह्रौं शताब्दीसम्म आइपुग्दा गीत लेखनमा वृद्धि हुँदै आयो । यस समयमा थमस क्याम्पियन र जन डल्याण्डको महत्त्वपूर्ण देन रहेको पाइन्छ । यसैगरी विलियम वर्ड, थोमस मर्ले, जोन मन्डी, थोमस विल्केस, रबर्ट जन्स जस्ता प्रतिभाहरूले गीत रचनामा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

पश्चिममा गीतको महत्त्वपूर्ण समयको रुपमा पुनर्जागरणकाललाई लिइन्छ । यस कालमा इटालीका पेट्राक, फ्रान्सका रन्सार्ड, बेलायतका सर थमस याट , सेक्सपियर आदिले गीत तथा सनिटको रचना गरेको देखिन्छ । ईशाको १५८० देखि १६४० सम्मका अवधिमा अङ्ग्रेजी नाटकमा गीतको प्रयोग गरी नाटकको अभिन्न अङ्गको रुपमा गीतलाई स्विकारिएको पाइन्छ । यस समयमा स्मार्ट, थमस पार्नल जस्ता प्रतिभाहरूले गीत लेखेको पाइन्छ । यसपछि अठारौं शताब्दीमा गीतलेखनले उत्कृष्टता पाउन नसके पनि नाटकमा प्रयोग भएका गीतहरूको अङ्ग्रेजी गीतको अस्तित्त्व कायम राखेको देखिन्छ । गीत तथा गीतलेखनको चरम विकास चाहिँ अठारौं शताब्दीको अन्त्यतिर भएको पाइन्छ । यस समयमा वर्डस्वर्थ,

ब्लेक, कलरिज, सेली, किट्स, सिलर, भिक्टर ह्युगो, पुस्किन आदि जस्ता स्वच्छन्दतावादी साहित्यकारहरूले गीतिकवितालाई उत्कर्षमा पुऱ्याएको भेटिन्छ भने १९ औं शताब्दीको अन्त्यतिर आइपुग्दा एडलन एलेन पो, मलार्मे, थोमस हार्डी जस्ता प्रतिभाहरूले गीतलेखनलाई निरन्तरता दिएको देखिन्छ ।

## २.३ गीतका प्रमुख तत्त्वहरू

कुनै पनि वस्तु तयार हुन आवश्यक पर्ने साधनहरू नै त्यसका तत्त्वहरू हुन् । यिनै तत्त्वका आधारमा एउटा विधा अर्को विधाबाट भिन्न हुन पुग्दछ । विभिन्न विद्वानहरूले गीतका तत्त्वलाई आ-आफ्नै तरिकाले व्याख्या गरेका छन् । गीत भाषिक अभिव्यक्तिको कलात्मक कला हो । यो तयार हुन आवश्यक पक्षहरू वा उपकरणहरू नै यसका तत्त्वहरू हुन् । तिनीहरूको संक्षेपमा यहाँ चर्चा गरिन्छ :

### २.३.१ **संरचना र स्वरूप**

संरचना भन्नाले बनावट वा सङ्गठन भन्ने बुझिन्छ । गीतमा एक वा बढी अनुच्छेद हुन सक्छन् । प्राय गरेर गीतमा तीन वा तीनभन्दा बढी अनुच्छेद प्रयोग भएको पाइन्छ ।

गीत मुख्यतः दुई भागमा विभक्त हुन्छ । यसको पहिलो भागमा केन्द्रीय वा मूल भावलाई व्यक्त गर्न एक वा एकभन्दा बढी पङक्तिहरू आएका हुन्छन् । गीतको मूल कुरो बताउने यस्तो भागलाई स्थायी वा ध्रुवपङक्ति भनिन्छ (बराल, २०६०:१४) । यो गीतमा बारम्बार दोहोरिएर आउने हुँदा यसलाई स्थायी भनिएको हो । स्थायी भाग बाहेकका अन्य भाग वा अनुच्छेदहरूलाई अन्तरा भनिन्छ । गीतकारले यी अन्तरा भागमा स्थायी भागमा भएको मूल कुरालाई पुष्टि गर्ने वा स्थायीमा अभिव्यक्त भागको कारण बताउने कार्य गर्छ।

### २.३.२ **विषयवस्तु र भाव**

भाव गीतको लागि अनिवार्य तत्त्व वा चूरो हो । भावको अभावमा कुनै पनि गीतले उत्कृष्टता प्राप्त गर्न सक्दैन । भावको प्रयोगविना गीत घत लाग्दो र हृदयस्पर्शी हुनै सक्दैन (बराल, २०६०:३०)। पूर्व तथा पश्चिममा प्राचीन समयदेखि हालसम्मका आचार्यहरूले गीत तथा कवितामा भावको आवश्यकतालाई स्वीकारेका छन् । हुनपनि गीतको पूर्ण आकृतिबाट मूल कुरा जे व्याप्त भएको हुन्छ त्यही नै भाव हो । त्यो भावभित्र प्रेम, करुणा, दया-माया,

सुख-दुःख, खुशी-हाँसो, मिलन-विछोड, भक्ति-वीरता, देशप्रेम आदिजस्ता कुराहरू झल्किएका हुन्छन् । भजनमा विशेषतः भक्तिभाव रहन्छ भने राष्ट्रिय गीतमा राष्ट्रिप्रतिको समर्पणभाव व्यक्तिएको पाइन्छ ।

२.३.३ **परिवेश चित्रण**

परिवेश भन्नाले देश, काल, परिस्थिति भन्ने बुझिन्छ । समाजका विविध समस्या, रीतिस्थिति, चालचलन, सामाजिक मूल्य र मान्यता, समाजसँग सम्बन्धित रहेका हरेक साँस्कृतिक पक्ष आदिलाई परिवेशले समेटेको हुन्छ । गीतमा आन्तरिक र बाह्य दुबै परिवेशको प्रयोग भएको हुन्छ । गीतकारको आत्मालाप समावेश भएको परिवेशलाई आन्तरिक परिवेश भनिन्छ भने यसभिन्न परिवेशलाई बाह्य परिवेश भनिन्छ । परिवेश समयगत,स्थानगत,विश्वस्तरको, पौराणिक, साँस्कृतिक,राजनीतिक आदि रहेका हुन्छन् । समयगत परिवेशमा समयअनुसार परिवर्तन भइरहने परिवेश पर्दछ भने स्थानगत परिवेशमा कुनै निश्चित स्थानलाई बुझाउन आएका परिवेशहरु पर्दछन् । त्यस्तै विश्वजस्तै विराट स्वरुपको चित्र उतार्ने परिवेशलाई विश्वस्तरको परिवेश भनिन्छ भने पुराणसँग सम्बन्धित परिवेशलाई पौराणिक परिवेश भनिन्छ । कुनै जाति, समुदाय आदिको परम्परा, सँस्कार आदिलाई झल्काउने परिवेश साँस्कृतिक परिवेश हो भने राजनीतिसँग सम्बन्धित परिवेश राजनीतिक परिवेश हो ।

२.३.४ **लयविधान**

लयको सम्बन्ध समय र गतिसँग हुन्छ ( बराल, २०६०: ३५) । यसले गीतलाई अन्य साहित्यिक विधाबाट अलग राख्ने कार्य गर्छ । जसले गीतलाई साङ्गीतिक बनाइदिन्छ । यसरी यसले गीतलाई गेय बनाउने भएकाले लयलाई गीतकारहरूले महत्त्व दिएका हुन्छन् । स्वरवद्ध गरिने ध्ययले रचना हुने भएकोले पनि गीतमा साङ्गीतिक पहिचान कायम राख्न लयको आवश्यकता पर्दछ । गीत लयको अनुशासन पालन गरेर गुन्जिएको हुन्छ । हुन पनि गीत र कवितालाई छुट्याउने काम लयले नै गर्छ । गीतमा प्रयोग गरिएको लयमा कविताको भन्दा साङ्गीतिक चेत बढी हुन्छ । त्यसैले गीतमा लय अनिवार्य हुन्छ । एउटा गीतको एक वा सोभन्दा बढी लयको प्रयोग पनि हुनसक्छ । गीतमा आउने सुर-तान, आलाप-बलाघातले गीतको लय योजनामा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### २.३.५ **अनुप्रासयोजना**

अनुप्रास शब्दालङ्कारभित्र पर्ने एउटा अलङ्कार हो । समान किसिमका ध्वनिको एकपटक वा अनेकपटक हुने आवृत्तिलाई अनुप्रास भनिन्छ । गीतमा पूर्ण अनुप्रासको प्रयोग सङ्गीतको सिर्जनाका दृष्टिले बढी महत्त्वपूर्ण मानिन्छ । अनुप्रासले गीतलाई आनन्द प्रदान गर्ने , सम्झन सजिलो पार्ने, संरचना निर्माण गर्ने र प्रभावपूर्ण ढङ्गले शब्दहरूलाई व्यवस्थापन गर्ने गर्दछ । अनुप्रासले गीतलाई आह्लादकारी बनाउँने भएकाले सम्झन सजिलो पनि बन्न पुग्छ । यसले ध्वनिलाई विचारसँग समन्वय गर्ने कार्य गर्दछ । नेपाली गीत र गजललाई छुट्याउने प्रमुख आधार अनुप्रास नै हो । त्यसैले अनुप्रासले गीतलाई निश्चित बनोट प्रदान गर्छ ।

### २.३.६ **बिम्बविधान**

बिम्ब कल्पनाको माध्यमबाट पैदा हुने मानसचित्र हो । यसले कुनै अमूर्त विचार वा भावनाको पुनःनिर्माण गर्छ । यसलाई चित्रभाषाको रुपमा पनि लिने गरिन्छ । बिम्ब पदार्थ होइन बरु पदार्थको प्रतिकृति हो । यो मूल सृष्टि होइन पुनःसृष्टि हो । सामान्य अर्थमा कुनै वस्तु, कार्य, भाव, विचार संवेदित अनुभव तथा मानसिक तस्बिरहरूलाई प्रतिनिधित्व गर्ने भाषिक एकाइलाई बिम्ब भनिन्छ । यसले अमूर्त विचारको पुनर्निर्माण गर्दछ । त्यसैले गीतहरूमा भावसौन्दर्य बढाउन बिम्बको प्रयोग गरिएको हुन्छ ।

### २.३.७ **भाषाशैली**

गीत भाषाको माध्यमबाट अभिव्यक्त हुने कला हो । गीतले अस्तित्त्व भाषाकै माध्यमबाट प्राप्त गर्छ भने श्रोता तथा पाठकहरू गीतको अर्थ भाषा नै सुनेर लगाउँछन् । गीतमा बिम्ब तथा प्रतीकहरूको अस्तित्त्वका सन्दर्भमा होस् वा शैलीको प्रयोगका सन्दर्भमा , सबैमा भाषाले वहन गर्ने भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ (बराल, २०६०:५२) । त्यसैले गीतमा सरल र सहज भाषाशैलीको प्रयोग हुनु जरुरी छ ।

## **२.४ गीतका विशेषताहरू**

हरेक वस्तुका आफ्नै विशेषताहरू हुन्छन् । तिनै विशेषताहरूले गर्दा नै उक्त वस्तु अरु वस्तुभन्दा छुट्टै वा अलग्गै किसिमको स्थानमा रहन्छ । साहित्यका हरेक विधाका आ-आफ्नै विशेषताहरू छन् जसले गर्दा एकर्काबाट छुट्याउन सकिन्छ । यस्तै साहित्यको

एक विधा गीतको पनि आफ्नै प्रकारका विशेषताहरू छन् । तिनैले गर्दा गीतलाई छुट्टै साहित्यिक विधा मानिएको छ । तिनै विशेषताहरूलाई तल चर्चा गरिन्छ :

### २.४.१ आत्मपरकता

गीतमा गीतकारको व्यक्तिगत अनुभव तथा विचारहरूको प्रकटीकरण संवेगात्मक रुपमा रहने देखिन्छ । गीतकारले गीतमा आफूलाई पूर्ण रुपमा मिसाउँदै पाठक/श्रोतालाई आफूसँग साझेदार बनाएको देखिन्छ । गीतमा गीतकारले जे निर्णय दिन्छ , त्यो उसको निजी निर्णय हुन्छ र गीतमा जे मूल्य हुन्छ , त्यो पनि उसकै निजी हुन्छ (बराल,२०६०:१९) । आफ्नो रचनाभित्र गीतकार आफूलाई तटस्थ नराखी आफूले जानेका , पढेका कुरालाई सोझै प्रस्तुत नगर्ने देखिन्छ । सामाजिक सत्य, बाह्य इन्द्रीयगोचर सत्य वा यथार्थमूलक सत्यको सोझो उद्घाटनभन्दा व्यक्तिको अन्तर्मन सक्रिय हुने हुँदा गीतमा आन्तरिक सत्यकै उद्घाटन ज्यादा हुने र यस्तो सत्य वस्तुसत्यभन्दा भिन्न र आनन्ददायक पनि हुने देखिन्छ । वस्तुसत्यकै उद्घाटन पनि गीतमा आत्मपरकतााको रङ्गमा मिसिएको देखिन्छ । यसैगरी गीतकार गीतमा बिना रोकटोक आफ्ना आन्तरिक सौन्दर्य प्रस्तुत गर्न सक्षम देखिन्छन् ।

### २.४.२ संक्षिप्तता तथा आख्यानविहीनता

गीत संक्षिप्त आयाम भएको रचनाविशेष हो । यसको आयाम संक्षिप्त हुनुपर्छ भन्ने कुरा धेरै विद्वानहरूले व्यक्त गरेका भएपनि गीतमा यति नै पङ्क्ति हुनुपर्छ भन्ने कुनै कडा नियम चाँहि छैन । केही विद्वानहरूले गीतमा ५० देखि ६० भन्दा बढी पङ्क्ति हुन नहुने कुरा बताउँदै यस सन्दर्भमा १२ देखि ३० पङ्क्तिसम्मको व्यवस्था गीतमा धेरै देखिन्छ भन्ने विचार व्यक्त गरेका छन् ( बराल, २०६०:२१) ।

गीतमा आख्यान हुनु राम्रो मानिदैन किनभने यसो भएमा गीत गीतिकाव्य, गीतिनाटक बन्न पुग्छ । हुन त सामान्य रुपमा गीतमा आख्यान नै नभएका गीत नभएका होइनन् तर तिनले गीतको संक्षिप्तता खल्बल्याउने देखिएकाले अनुभूतिको भावलाई आख्यानविहीन बनाई संक्षिप्त गीत तयार पार्नु राम्रो मानिन्छ ।

### २.४.३ एकान्विति

गीतको आन्तरिक बनोटसँग सम्बन्धित पक्षलाई एकान्विति भनिन्छ । यसले गीतका हरेक भाग वा अनुच्छेदलाई एउटै विषयसूत्रमा बाँध्ने काम गरेको हुन्छ । गीतमा एउटै भाव वा विचार वा मानसिक अवस्थाको चित्रण हुनु आवश्यक हुन्छ । एकभन्दा बढी भाव वा विचार गीतमा आएका गीतको  प्रभावकारितामा कमी आउँछ । त्यसैले गीतमा एउटै विषयवस्तुमा आधारित संवेगको प्रभावपूर्ण अभिव्यक्तिमा जोड दिइन्छ । गीत जुनसुकै विषयमा लेख्न सकिन्छ तर यसको पहिलो अनुच्छेदमा जुन विचार, भाव वा अवस्थाको बीजारोपण गरिन्छ, अन्य अनुच्छेदमा पनि त्यसैसँग सम्बन्धित विचार , भाव वा अवस्थाको बीजारोपण गरिन्छ । त्यसलाई छाडेर गीतको कथाबस्तु अन्यत्र मोडिनु हुँदैन ।

### २.४.४ वैयक्तिकता तथा इमानदारिता

गीतमा मूल रुपमा गीतकारको व्यक्तित्वको अभिव्यक्ति भएको हुन्छ र गीतकारको मानसिक अवस्थाको अभिव्यक्ति भएको हुन्छ । गीतमा गीतकारले प्रथम पुरुषमा होस् वा तृतीय पुरुषमा होस् आफ्नै व्यक्तिगत कुरा प्रस्तुत गरेको पाइन्छ । मनोविज्ञानका आधारमा हेर्ने हो भने गीतमा सामुहिक अचेतनको प्रयोग नभई व्यक्तिगत अचेतनको प्रयोग हुन्छ र यसले गीतमा सामाजिक सत्यभन्दा व्यक्तिगत सत्यकै प्राधान्य रहन्छ भन्ने बुझिन्छ । यसैगरी गीतकारले आफूभित्रको सौन्दर्यात्मक इमानदारिताले नै पनि गीतलाई गरिमामयी बनाइदिएको पाइन्छ । गीतमा व्यक्त कथ्य र गीतकारको जीवनीलाई अध्ययन गर्ने हो भने यो इमानदारी सहजै पत्ता लगाउन सकिन्छ । यसर्थ गीतमा वैयक्तिकताा र इमानदारिताको बाहुल्यता रहन्छ ।

### २.४.५ सम्बोधनात्मक प्रस्तुति

गीतमा कसैले कसैलाई सम्बोधन गरेको हुन्छ । यस्तो सम्बोधन एकालाप झैं आफैले आफैलाई वा अरुलाई गरिएको हुन्छ । धेरैजसो गीतहरूमा कथ्यवस्तुको प्रस्तुति गीतकार स्वयं म भएर गीतभित्र बसेर आफ्ना कुरा कसैलाई सम्बोधन गरिरहेको हुन्छ भने सम्बोधित व्यक्ति एक वा अनेक पनि हुन सक्छन्  , सजीव-निर्जीव, मानवीय वा मानवेतर जे पनि हुन सक्छन् । यसैगरी कुनै गीतमा गीतकारले कसैलाई सम्बोधन नगरी आफ्नो विचार वक्तव्यका रूपमा पनि अभिव्यक्त गररहेको हुन्छ भने सम्बोधित व्यक्ति को हो उसले तोकेको पाइँदैन , तर सम्बोधित व्यक्ति पाठक वा श्रोताहरू हुने गर्दछन् ।

## २.५ नेपाली गीतको ऐतिहासिक रूपरेखा र विकासक्रम

नेपाली भाषामा लेख्य गीतको रचना थालिनुपूर्व लोकगीत समाजमा निकै प्रचलित थियो । त्यसबेला लोकगीत प्रमुख रुपमा मनोरञ्जनको साधन थियो । बालबालिकाहरू खेल्दा लोकगीत प्रयोग गर्थे भने युवायुवतीहरू आफूभित्र रहेका शृङ्गारिक भावनाहरू व्यक्त गर्न लोकगीतको प्रयोग गर्थे । त्यसैगरी बुढापाकाहरू परलोक सुधार्ने चाहनाले लोकगीत गाउँने गर्थे । आखिर जे भए पनि लोकगीत हर्ष, विस्मात् , आक्रोश सबै पोख्ने माध्यम नै थियो ।

### २.५.१ नेपाली गीतको ऐतिहासिक रुपरेखा

नेपालका डोटी र कर्णाली प्रदेशमा सबैभन्दा पहिले नेपाली लोकगीत देखा परेको पाइन्छ । त्यसै भेगमा देखा परेका पुराना संस्कार गीत, देवगाथा, वीरगाथा आदि नै नेपाली गीतका आधारभूमि हुन् । फाग, चइत, मागल आदि गीत यसैका उदाहरणका रुपमा लिन सकिन्छ । यसका साथै प्रेमगाथालाई पनि लोकसमाजले गाएको भेटिन्छ । यसरी हेर्दा नेपाली लोकगीतले आफ्नो अस्तित्त्वलाई कायम राख्दै मौखिक, वाद्य र नृत्यसँग हातेमालो गर्दै अगाडि बढेको देखिन्छ ।

नेपाली लोकगीत र लोकगाथाको आफ्नो समृद्ध परम्परा आजसम्म चल्दै आए पनि लेख्न नेपाली गीतको सुरुवात भने माध्यमिक कालका केन्द्रीय प्रतिभा मोतीराम भट्टबाट भएको पाइन्छ । उनले नै नेपाली लेख्यगीतको परम्परा सुरु गरेका हुन् । यसपछि लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, नरदेव सुधा, शम्भुप्रसाद ढुङ्गेल आदिले गजल तथा भक्तिगीतको रचना गर्न पुग्छन् भने लक्ष्मीप्रसाद देवकोटा सम्म आइपुग्दा लोकलयलाई काव्यात्मक प्रतिष्ठा प्रदान गरेको पाइन्छ । उनले लोकलयको प्रयोग गरी लेखिएको **गाइनेगीत** (२००२-२००३) तथा **लक्ष्मी गीतसङ्ग्रह** (२०४०) जस्ता गीतिरचनाका कृति नेपाली गीतिक्षेत्रलाई प्रदान गरेका छन् । यसपछि अलिमिया, भीमनिधि तिवारी, धर्मराज थापा आदि गीतकारहरूले पनि नेपाली गीतिलेखन कार्यलाई अगाडि बढाएको पाइन्छ ।

देवकोटाले सुरु गरेको स्वच्छन्दतावादी भावधारामा परिष्कारको जलप लगाउँदै नेपाली गीतलाई अझै प्रभावकारी बनाउन सफल माधव घिमिरे सफल देखिन्छन् । उनको **किन्नर किन्नरी** (२०३३) गीतिसङ्ग्रह यस दृष्टिले सफल देखिन्छ । घिमिरेबाट अगाडि बढेको

यस आधुनिक गीतलाई सुरेन्द्रबहादुर शाह, म.वी.वि. शाह, तारिणीप्रसाद कोइराला, रत्नशमशेर थापा, किरण खरेल, धर्मराज थापा आदिले अगाडि बढाएको पाइन्छ ।

नेपाली गीतलेखनको क्षेत्रमा वि.सं. २००७ सालपछि धेरै विकास र विस्तार भएको पाइन्छ । यस समयमा स्थापना भएका सरकारी तथा गैरसरकारी संस्थाहरूले गीतको विकासको लागि धेरै कार्यहरू गरेका छन् । वि.सं. २००७ सालमा रेडियो नेपालको स्थापना हुनु, नेपाल टेलिभिजनले गीत प्रसारण गर्नु, विभिन्न रेकर्डिङ्ग संस्थाहरूले गीतको रेकर्ड तथा प्रसारण गर्नुले नेपाली गीतलेखनमा बाढी नै आएको देखिन्छ । हाल पनि यस्ता संस्थाहरूले नेपाली गीतसङ्गीतलाई समृद्ध बनाउन विशेष भूमिका खेलेको पाइन्छ ।

### २.५.२ नेपाली गीतको विकासक्रम

नेपाली भाषामा लेख्य गीतको रचना हुनुपूर्व लोकगीत नेपाली समाजमा प्रचलित थियो । समाज शैक्षिक जगतमा प्रवेश गरेपछि मात्रै गीतले लिखित रुप लिन थालेको हो । नेपाली गीतको लेख्य परम्परा सुरु भएदेखिको अवस्था हेर्दा सुवानन्द दासका कवितामा गीतिचेत प्रबल रुपमा पाइन्छ । पृथ्वीनारायण शाहको वर्णन वा आफ्नो राजभक्ति प्रस्तुत गर्दा उनले गीतात्मक ढङ्गका अभिव्यक्ति दिएका छन् । नेपालीमा सचेत रुपमै गीतिरुप प्रदान गर्ने साहित्यकार हीनव्याकरणी विद्यापति हुन् ( एटम, २०५८ःड) । उनले संस्कृतमा प्रसिद्ध **गीतगोविन्द**लाई नेपालीमा पद्यमै अनुवाद गरी वि.सं. १८८८ मा **गीतवाणी, सातराग, सातनायिका** जस्ता गीतिरचना प्रस्तुत गरेका छन् । त्यसैले नेपाली गीतको विकासक्रमलाई औपचारिक रुपमा वि.सं. १८८८ देखि नै पहिल्याउनुपर्ने हुन्छ ।

**नेपाली गीतको विकासक्रमलाई मुख्यतः तीन चरणहरूमा विभाजन गरेर हेर्न सकिन्छ :**

क) पहिलो चरण : पृष्ठभूमि काल ( प्रारम्भदेखि १९४० सम्म )

ख) दोस्रो चरण : अनुभूतिप्रधान गीतको प्रारम्भ र विकासकाल ( १९४१ देखि २००७)

ग) तेस्रो चरण : विस्तार काल ( २००८ देखि हालसम्म )

### क) पहिलो चरण : पृष्ठभूमि काल

नेपाली कविताको इतिहासमा पहिलो मानिएको सुवानन्द दासको **पृथ्वीनारायण** शीर्षकको कवितामा केही मात्रामा लोकविशेषताको प्रयोग पाइन्छ । यसमा प्रयुक्त अनुप्रास

र थेगोले गेयतालाई बढाएको छ । त्यसैले उक्त कवितालाई नेपाली गीतको प्रथम रुपको रुपमा लिइन्छ । यस कवितामा रहेको गीतिगुणलाई हेर्न उदाहरणको लागि सानो अंश तल प्रस्तुत गरिन्छ :

थर थोकि भारदारि जेठा बुढा सरदारी
पाचइ परमेश्वरी साराम उठाउ है ।
हंसको रुप धारि भिम्सिनको सरुप गरि
भुमराको भेस गरि सुनइ लुटाव है :
छेत्रीको करम गरि पाप टुटाव है :

( बराल, २०६०:६३)

यदुनाथ पोखरेलका कविता गेयताका दृष्टिले अझ बढी सफल देखिन्छन् भने गुमानी पन्तद्वारा रचित **दिनदिन खजानाका भारीका बोकनाले** भन्ने कवितामा पनि गीतिप्रवाह देख्न सकिन्छ । नेपालीमा संस्कृतमा प्रसिद्ध रहेको वस्तुपरक रागमा अधारित गीतका अनुवादकर्ता र सुरुवातकर्ता हीनव्याकरणी विद्यापतिले **गीतवाणी** लेखेपछि गीतले पहिलोपटक साहित्यिक बन्ने मौका पायो ( एटम, २०५८:ड-ढ) । यसपछि नेपाली साहित्यमा भक्तिधाराका कवि वसन्त शर्माले **समुन्द्रलहरी** कृतिमा लोकलयको प्रयोग गरेको पाइन्छ भने पतञ्जली गजुर्‍यालद्वारा लेखिएको **बालगोपालवाणी** कवितामा गीतिगुण प्रशस्त भेटिन्छ । यसको एक अंश निम्नलिखित छ :

बगल्मा कृष्णैलाई लिइकन यशोदा शयनमा ।
सुकाला पाल्नूभो बसिन जब निद्रा नयनमा ॥
उ हाउ लौ आयो हाउ भनेर मुख ढाक्ती जननिलाई
उठ्या हाँस्दै ख्यै हाउ् भनि गरे कुरा कुंडल हिलाइ ॥

( बराल, २०६०:६५)

कवि इन्दिरसको **गोपिका स्तुति**, विद्यारण्यकेशरीको **युगल गीत** पनि यस सन्दर्भमा महत्त्वपूर्ण मानिन्छ । यसैगरी भानुभक्त आचार्यको **बालाजीको वर्णन** तथा **कान्तिपुरी नगरीमा** पनि गीतिगुण प्रशस्त भेटिन्छ (बराल, २०६०:६५) । उनको उक्त कवितामा रहेको गीतिगुणलाई हेर्न निम्न उदाहरण यहाँ प्रस्तुत गरिन्छ :

यति दिनपछि मैले बल्ल बालाजी देख्याँ
पृथ्वीतलभरिमा स्वर्ग हो जानि लेख्याँ
वरिपरि लहराका झुलिबस्न्या चराछन्
मधुर वचन बोली मन् लिन्या क्या सुरा छन् ।
( बराल, २०६०:६५)

नेपाली गीतिक्षेत्रलाई विकसित तुल्याउने क्रममा ज्ञानदिलदासको **उदयलहरी, झ्याउरे भजन, टुड्नाभजन,** लालबहादुरको **भोटको सवाई** , नरबहादुर राणाको **जङ्गबहादुरको सवाई**, रहजल दिल विश्वकर्माको **मुक्तियारको सवाई**ले पनि केही मात्रामा भूमिका खेलेको छ ।

यसरी नेपाली गीतको पहिलो चरणमा हीनव्याकरणी विद्यापति, यदुनाथ पोखऱ्याल, भानुभक्त आचार्य हुँदै अगाडि बढेको देखिन्छ भने यस समयका नेपाली गीतहरू लोकगीत तथा संस्कृत परम्पराबाट प्रभावित देखिन्छन् ।

**ख) दोस्रो चरण : अनुभूतिप्रधान गीतको प्रारम्भ र विकासकाल**

नेपाली साहित्यमा कवि मोतीराम भट्टको आगमन सँगसँगै नेपाली गीतको दोस्रो चरण सुरु हुन्छ । मोतीरामले उर्दूफारसीको गजलबाट प्रभावित भई आत्मपरक र लयात्मक गीत रचना सुरु गरेका हुन् ( एटम, २०५८:ण ) । उनले गीतलेखनमा तीव्रता ल्याई निरन्तरता दिनका लागि आफ्ना दौतरीहरू लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, नरदेव पाण्डे, शम्भुप्रसाद ढुङ्गेल , राजीवलोचन जोशी आदिलाई समावेश गरेर मोतीमण्डलीको स्थापना गरे ( बराल, २०५५:१४) । मोतीमण्डलीको प्रयासबाट वि.सं. १९६९ मा **सङ्गीत चन्द्रोदय** को प्रकाशन भयो जसमा शृङ्गारिक , व्यङ्ग्यात्मक तथा भक्तिमूलक गीत गजलहरू सङ्कलित छन् । मोतीरामको गजलको संरचनामा लेखिएको गेयरचना अत्यन्त परिष्कृत देखिन्छ ।

जस्तै :

इ सानै उमेरदेखि मन् हर्न लागे
इनै सुन्दरीले जुलुम् गर्न लागे
( राउत, २०५९:३०)

यता हेऱ्यो यतै मेरा नजर्मा राम प्यारा छन्
उता हेऱ्यो उतै मेरा नजर्मा राम प्यारा छन् ।
( राउत, २०५९:३०)

यस कालमा स्वदेश तथा विदेशबाट प्रकाशित पत्रपत्रिकाले गीतको विकासमा ठूलो योगदान पुऱ्याएको देखिन्छ । तत्कालीन दरबारिया परिवेश पनि गीत-सङ्गीतको रमझममा झुल्ने भएकाले त्यसैको अभावपूर्ति गर्न रचिएका गीतहरूले पनि गीतको विकासमा मद्दत पुगेको देखिन्छ । यसै सिलसिलामा यस परम्परलाई अगाडि बढाउन शम्भुप्रसाद ढुङ्गेलको **शम्भुभजनमाला(१९७६)** ले ठूलो भूमिका खेलेको छ । यसपछि लेखनाथ पौड्यालको केही गीत गजल , बालकृष्ण समका प्रारम्भिक गजल र गीत तथा सिद्धिचरण श्रेष्ठका फुटकर कविताका स्वरुपमा देखा परेका गीतहरूले पनि नेपाली गीतको विकासमा योगदान दिएका छन् । यसै क्रममा स्वर्गद्वारी महाप्रभु (नारायण छेत्री) को **ककारादिकीर्तन** नामक भजनसङ्ग्रह अन्यन्त महत्त्वपूर्ण ठहर्दछ ( एटम, २०५८:ण) । यसपछि हाजिरमान राईको **मीठा मीठा नेपाली गीत** ( **१९५७**) गीतहरूको सङ्ग्रह प्रकाशित भएको देखिन्छ भने वि.सं.१९७५ पछाडि नेपाली गीतको ग्रामोफोन रेकर्ड सुरु भयो र बहादुरसिंह बरालको **बरालको आँसु** ( **१९६९**) प्रकाशित भयो ।

मोतीराम भट्टले ल्याएको गजल गीतको परम्परा लक्ष्मीप्रसाद देवकोटामा आइपुगेपछि **मुनामदन**( **१९९२**) गीतिकाव्यमा झ्याउरे लोकलयको प्रयोग भएको पाइन्छ । नेपाली गीति विकासमा उनको **गाइने गीत** (**२०२३**), **लक्ष्मी गीतिसङ्ग्रह** का गीतहरूमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । उनका गीतमा प्रकृति, सामाजिक विद्रोह र मानवताका भावहरू अटाएका छन् तर तिनमा बढी जटिलता भएकाले संरचनामा शिथिलता देखिन्छ । विचारलाई बिम्बमा सजाउन उनी सिपालु छन् ( बराल, २०५५:१५) । यसैगरी नेपाली गीतको विकास गर्ने कार्यमा अलिमियाको **सम्झनाको दियो**, भीमनिधि तिवारीको **बयासी गजल**, ठाकुरनाथ रिमालको **मद्यनशा जेल्दछ जाल समान**, केवलपुरे किसानको **बाघ आयो** ,धर्मराज थापाको **पहाडी गीत**, जस्ता गीतिसङ्ग्रह तथा गीतहरूले नेपाली गीतको विकासमा थप योगदान पुऱ्याएको देखिन्छ । यस समयका गीतहरूमा श्रृङ्गार, प्रकृतिचित्रण, न्यायिक सुधारको चाहना, लाहुरेका क्रियाकलाप, भक्ति, नेपालको भौगोलिक विकटता आदिलाई विषयवस्तु बनाएको पाइन्छ ।

**ग) तेस्रो चरण : विस्तार काल**

वि.सं. २००७ सालमा रेडियो नेपालको स्थापना भई रेडियोले गीत प्रसारण गर्न थालेपछि अन्य विधाका लेखकहरूको ध्यान पनि गीतलेखनतिर केन्द्रित भएको पाइन्छ । शङ्कर लामिछानेद्वारा रचित **मेरो दिल टुक्रा बनेर** शीर्षकको गीत हरिप्रसाद रिमालले गाएको जानकारी पाइन्छ (बराल, २०६०:११८) । गद्य शैलीमा लेखिएका यस गीतमा विछोड र विसङ्गतिको तापमा छट्पटाएको क्षणलाई प्रस्तुत गरिएको छ । यहाँ गीतको सानो अंशलाई प्रस्तुत गरिन्छ :

मेरो दिल टुक्रा बनेर
एक दिन आँखाको  बाटो बहनेछ
भष्म बन्ला दिल मेरो
जग्गेको आगोमा एक दिन
बनेर राखेको सिन्दुर

( बराल,२०६०:११९)

यसपछि नेपाली गीतिक्षेत्रमा सिद्धिचरण श्रेष्ठको **हिमगिरि मण्डित सुगन्ध शोभित जयजय आमा नेपाल**, तारिणीप्रसाद कोइरालाको **यो नयनमा एक दिन गङ्गा बहेथ्यो**, माधवप्रसाद घिमिरेको **गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली**, म.वी.वी. शाहको **हे वीर हिँड अघि सरी**, बालकृष्ण समको **एक फेरा बोलिदेऊ सोझो मुखले** आदिजस्ता गीतहरू लेखिएको र गाइएको पाइन्छ ।

यस अवधिमा मोदनाथ प्रश्रितले **आमाको आँसु**, किरण खरेलले **मेरी पारु**, कोइलीदेवी माथेमाले **सेवा पुस्तिका**, भूपि शेरचनले **नयाँ झ्याउरे** आदिजस्ता गीत रचना गरेको पाइन्छ । यस समयका अन्य गीतकारहरूमा यादव खरेल, अम्बर गुरुङ्ग, क्षेत्रप्रताप अधिकारी, डा. बासुदेव त्रिपाठी देखा परी विविध विषयवस्तुमा आधारित गीतहरू देखिन्छन् । पञ्चायती व्यवस्थाको समाप्ति र प्रजातन्त्रको पुनः स्थापना पछि देशभक्ति, प्रकृतिप्रेम, जीवनअनुभूतिका गीतहरू लेखिदै आएको पाइन्छ । यसै समयमा आनन्द अधिकारी, सुकुम शर्मा, नेत्र एटम, रामेश्वर राउत, इन्दिरा प्रसाई, चन्द्रा शर्मा, विन्दु शर्मा, सरु बराल, हेम सुवेदी आदि जस्ता गीतकारहरू देखा पर्दछन् ।

यसरी थुप्रै प्रतिभाशाली व्यक्तिहरूले आ-आफ्ना तर्फबाट योगदान दिँदै आएका हुनाले आधुनिक कालमा आएर नेपाली गीतिक्षेत्र पनि अरु विधाजस्तै क्रमिकरुपमा विकसित बन्दै गएको छ । सङ्गीतको आडमा आफ्नो असक्षमतालाई लुकाई गीत रचना गर्ने अप्रतिभाशाली गीतकारहरूको घुँइचो पनि यस कालमा प्रशस्तै देखिन्छ ( बराल, २०५५:१८) त्यसो भए पनि नेपाली गीत लोकपरम्पराको जरामा नवीन भाव चिन्तन र लयका लहराहरूमा तन्कँदा स्तरीयता र समृद्धितर्फ अगाडि बढिरहेको छ ।

## २.६ नेपाली गीतको वर्गीकरण

नेपाली गीत जहिलेदेखि नेपाली समाजमा व्याप्त रह्यो त्यही समयदेखि नेपाली गीतको विकास हुँदै आजसम्म आइपुगेको देखिन्छ । सुरुमा लोकगीतको रुपमा व्याप्त नेपाली गीत लेख्य गीतको विकाससँगै अगाडि बढेको पाइन्छ । विभिन्न प्रकारका गीतहरूले आज नेपाली गीतिक्षेत्र सम्पन्न बन्न पुगेको देखिन्छ । गीतको प्रकार छुट्याउन वा वर्गीकरण गर्न त्यति सजिलो देखिँदैन । तरपनि यहाँ निम्न आधारमा नेपाली गीतहरूको वर्गीकरण गरिन्छ :

### २.६.१ विषयको आधारमा नेपाली गीतको वर्गीकरण

विषयका आधारमा गीतको वर्गीकरण भन्नाले गीतमा प्रयोग भएको विषयवस्तुको आधारमा वर्गीकरण भन्ने बुझिन्छ । विषयको आधारमा गीतको वर्गीकरण निम्न अनुसार गर्न सकिन्छ ।

#### २.६.१.१ सामाजिक गीत

नेपाली समाजमा घट्ने , घट्न सक्ने वा घटेका घटना तथा समाजसँग सम्बन्धित यावत् पक्षहरूलाई विषय बनाइएको गीतलाई सामाजिक गीत भनिन्छ । यस प्रकारका गीतहरू नेपाली समाजमा गीतको जन्म भएदेखि आजसम्म पनि रहेको पाइन्छ ।
जस्तै :

बिरानो यो मन्दिरमा कुनै दियो बल्दैन
नआऊ मेरो साम् तिमी मैले छोएको पानी चल्दैन

( एस्.कुमार, रिजन)

### २.६.१.२ राजनीतिक गीत

देशको राजनीतिक विषयवस्तु समावेश गरिएको गीतलाई राजनीतिक गीत भनिन्छ। यस प्रकारका गीतले राजनीतिक कमजोरी, विकृति-विसङ्गति व्यक्त गर्दै सुधारको भाव व्यक्त गरेको पाइन्छ। जस्तै :

त्रिशुलीको किनारमा बालुवा चाल्नेहरू
सोलूमा भारी बोकी बालबच्चा पाल्नेहरू
अझै नि गणतन्त्र आको छैन है
जनताको शासन त चल्या छैन है

(पङ्गेनी बद्री, समयको स्वर )

### २.६.१.३ साँस्कृतिक गीत

हाम्रो कला, संस्कार, परम्परा, रीतिरिवाज, चालचलन आदिलाई गीतको विषय बनाएर रचना गरिएको गीतलाई साँस्कृतिक गीत भनिन्छ । यस्ता गीतहरूले नेपाली संस्कारलाई बचाउने र इज्जत प्रतिष्ठा बढाउने कार्य गरेका छन्। जस्तै :

तिहारै आयो लौ झिलीमिलि
ए सुन हजुर भैलेनी आइन् आँगन
मनको आँखा उघारी हेर
ए सुन हजुर लक्ष्मी आइन् आँगन।

(चलचित्र, स्वर्ग)

### २.६.१.४ दार्शनिक गीत

जीवन, जगत, ईश्वर, ज्ञानविज्ञान र चेतनाको विश्लेषण गरिएको गीतलाई दार्शनिक गीत भनिन्छ। जस्तै :

फूलको आँखामा फूलै संसार
काँडाको आँखामा काँडै संसार
झुल्किन्छ है छाँया बस्तु अनुसार
काँडाको आँखामा काँडै संसार।

( श्रेष्ठ, दुर्गालाल )

### २.६.१.५ मानवीय सुखदुःखका गीत

मानवीय सुख-दुःख, आरोह-अवरोह, मिलन-बिछोड, जीवन-मृत्यु आदि मानवजीवनसँग सम्बन्धित गीतलाई मानवीय सुखदुःखका गीत भनिन्छ । जस्तै :

जन्मिँदा एक्लै मर्दा नि एक्लै
बीचमा किन साथी चाहियो र
साथी साथी भन्दा भन्दै
भनेजस्तो साथी कहाँ पाइयो र

( तिवारी, अरुण : वेष्ट अफ मध्यान्ह )

### २.६.१.६ प्रेममूलक गीत

मानव जीवनमा हुने प्रेम, मिलन-विछोडको गीत नै प्रेममूलक गीत हो । नेपाली गीतिक्षेत्रमा पनि यस प्रकारका गीतहरू प्रशस्त पाइन्छन् । जस्तै :

जसलाई मैले आफ्नो ठाँने उसले बिर्सिदियो
पाइलैपिच्छे पूजा गरेँ उसले लत्याइदियो

( प्रसाई, नरेन्द्रराज )

### २.६.१.७ भक्ति गीत

कसैको पूजा, प्रार्थना स्वरुप रचिने गीत भक्ति गीत हुन् । ईश्वर, राजा,महाराजा, माटो आदिको पूजा ,श्रद्धा गर्न यस्ता गीत रचिने गरिन्छ ।
जस्तै :

जय जय आमा सरस्वती
हामी तिम्रा सन्तति
सपार हाम्रो सधैं मति
विद्याको गरी उन्नति

( शर्मा, तारानाथ )

### २.६.१.८ बालगीत

बालबालिकाका मनोभाव, रुचि , आकाङ्क्षा , अधिकार तथा पीडा आदि समावेश गरिएको गीतलाई बालगीत भनिन्छ ।

जस्तै :

नटिप्नू हेर कोपिला , नचुड्नु पाप लाग्दछ
नच्यात्नु फूल नानी हो, दया र धर्म भाग्दछ ।

( देवकोटा, लक्ष्मीप्रसाद)

## २.६.१.९ देशभक्तिमूलक गीत

आफ्नो देशको इतिहास, वर्तमान र भविष्यको बारेमा वीरता, पवित्रता , सुन्दरता आदिको चित्रण गरिएको गीतलाई देशभक्तिमूलक गीत भनिन्छ । जस्तै :

माटोमाथि लडिबुडी खेलीरहूँ जस्तो लाग्छ
ढुङ्गालाई म्वाई खाँदै हिँडिरहूँ जस्तो लाग्छ
हाँसेपछि मुहारभरि हिमाल झल्काइदिन्छु
रोएँ भने आँखाभरि नेपाल मिलाइदिन्छु ।

( बराल, २०६०:१६३)

## २.६.२ लय वा सङ्गीतको आधारमा नेपाली गीतको वर्गीकरण

गीतमा प्रयोग गरिने लय वा सङ्गीतको आधारमा नेपाली गीतलाई निम्न चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

## २.६.२.१ लोकगीत

मौखिक परम्परामा विकसित भएको मनोरञ्जनात्मक , प्रश्नोत्तरमूलक, एकल-युगल तथा सामूहिक गायन हुने , पुनरावृत्ति हुने , मौलिक र सरल, परिवर्तनशील , यथार्थ तथा सामाजिक एवम् धार्मिक , आध्यात्मिक तथा भाग्यवादी प्रवृत्ति भएको गीतलाई लोकगीत भनिन्छ । जस्तै :

रुमाल पनि साटिनँ मैले
छुट्छ माया भन्दिँदा सबैले
फुल्छ फूल डाली रहुञ्जेल
कहिले मायाप्रेम कहिले मिलनविछोड
यस्तै रैछ जीवन बाँचुञ्जेल ।

(डङ्गोल दिनेश, फुल्छ फूल डाली रहुञ्जेल)

### २.६.२.२ आधुनिक गीत

देशप्रेम, मानवतावाद, प्रणयप्रेम, सामाजिक क्षेत्रका यावत् पक्ष, राजनीतिक, आर्थिक आदि क्षेत्रलाई समेटी आधुनिक सङ्गीतको परिधिमा बाधिएका गीतलाई आधुनिक गीत भनिन्छ । जस्तैः

हिंसा माग्ने तरवार होइन मसी माग्ने कलम देऊ दैव
मागी हिँड्ने जोगी होइन दर्शन बाँड्ने पुजारी देऊ

( कर्णदास, पुरानो डुङ्गा )

### २.६.२.३ शास्त्रीय गीत

शास्त्रीय सङ्गीतमा गाइने वा गाउन मिल्ने गीतलाई शास्त्रीय गीत भनिन्छ । मूलतः भजन, गजल, राग, ख्यालीमा आधारित गीत शास्त्रीय गीत हुन् । जस्तै :

भन तिम्रो मन के छ कुन्नि
माया हो कि यो मीठो मोहनी

( भौकाजी उत्तम, वर्डस्)

### २.६.२.४ पपगीत

पश्चिमी फाँटबाट सुरु भएको साङ्गीतिक लयको गीतलाई पपगीत भनिन्छ । यसले विशेष गरेर नयाँ पुस्तालाई विशेष प्रभाव पारेको छ । जस्तै :

तिम्रो आगमनले फेरि नयाँ उमङ्ग ल्यायो
सुन्दर बिहानीजस्तै झुल्के घाम जीवनमा ल्यायो
आशाको किरण छायो यो मनमा
तिमी नै थियौ मेरो जीवनमा

( भट्टराई नवीन के., आगमन )

### २.६.३ प्रस्तुतिको आधारमा नेपाली गीतको वर्गीकरण

प्रस्तुतिको आधारमा गीतलाई तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

### २.६.३.१ एकल गीत

एक्लै वा एउटै मात्र स्वरले प्रस्तुत गरिने गीतलाई एकल गीत भनिन्छ । एकल गीत लोक, पप, आधुनिक तथा शास्त्रीय सबै लयका हुन सक्छन् साथै चलचित्रका गीतहरू पनि यस प्रकारका हुन्छन् । यस प्रकारका गीतहरू नेपाली गीतिक्षेत्रमा प्रशस्त मात्रामा रहेका छन् । जस्तै :

लुकिलुकी आँखा नजुधाऊ यसरी
यो मन त्यसै तड्पिदिन्छ कर्के नजरले

( राई धिरज, पृथक )

### २.६.३.२ युगल गीत

दुई स्वरले गाउन मिल्ने गीतलाई युगल गीत भनिन्छ । यस प्रकारका गीतको प्रस्तुति पुरुष-पुरुष, महिला-महिला तथा पुरुष-महिला कुनै पनि दुबै स्वरले हुन्छ । जस्तै :

ए कान्छा ठट्टैमा यो वैंश जान लाग्यो
जाँदैन वाचा खेर पर्ख लिन आउँला

( थापा रत्नशमशेर )

### २.६.३.३ सामूहिक गीत

तीन वा तीनभन्दा बढीले गाउन मिल्ने गीतलाई सामूहिक गीत भनिन्छ । विशेष गरेर राष्ट्रप्रेम, ईश्वरभक्ति, विश्वशान्ति आदिजस्ता भावलाई प्रस्तुत गर्न यस्ता गीतहरू प्रस्तुत हुन्छन् । जस्तै :

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेचीमहाकाली

( व्याकुल माइला, राष्ट्रिय गान )

## २.७ गीत विधाको अन्य साहित्यिक विधासँगको सम्बन्ध

गीतको कविता र गजलसँग धेरै समानता देखिन्छ । यी तीनओटै पद्यविधाकै भएर पनि छुट्टाछुट्टै स्वतन्त्र अस्तित्त्व भएका विधाका रुपमा चिनिएका छन् । यहाँ मूलतः कविता र गजलको गीतसँगको सम्बन्धबारे चर्चा गरिन्छ :

### २.७.१ गीत र कविता

गीत गाउन योग्य रचना हो,यसमा तीब्र साङ्गीतिकताा हुन्छ र यसलाई सुन्दर लयमा ढालेर गाउन सकिन्छ। गीतमा व्यक्तिको अनुभूति र विचारहरू हुन्छन् र त्यो संक्षिप्त र आख्यानरहित कविताका रुपमा हुन्छ । यसरी सामान्यतया गीत कविता नै हो तर कविताभन्दा गीत लयचेतनाका दृष्टिले शक्तिशाली हुन्छ । भाषाका माध्यमबाट अभिव्यक्त हुने गीत र कविता दुबै उस्तै जस्ता देखिन्छन्। हुन पनि गीत र कविता अत्यन्तै निकटतम भाषिक कलात्मक साङ्गीतिक अभिव्यक्तिहरू हुन् ( त्रिपाठी तथा अन्य, २०६०:२३) । पद्य भाषालाई माध्यम बनाएर लेखिने गीत र कविता दुबै साहित्यिक विधा हुन्। भावविधान दुवै विधामा अनिवार्य विधा हुन् । अतः भाषा, लय र भावको रुप संरचनाको त्रिवेणीमै गीत कविता दुवै व्यक्तिन्छन्।

गीत र कविता दुबै विधा झट्ट हेर्दा उस्तै देखिए पनि शब्दचयन , भावात्मकता, रागात्मकता आदिका दृष्टिले कविताभन्दा भिन्न छ । गीतलाई कविताभन्दा लयात्मक बनाउनुपर्ने भएकाले यसमा सरल तथा कोमल शब्दको चयन गरिएको हुन्छ किनभने गीत खासगरी श्रोताको निम्ति बढी हो। गीतलाई कविताबाट छुट्याउने मुख्य तन्तु सङ्गीत हो। सङ्गीतकै कारणले गर्दा गीतका भावहरू कविताका भन्दा फरक रुपमा अभिव्यक्त हुन्छन् । गीत गाउनका लागि रचिन्छ तर कविता वाचन गर्नका लागि रचिन्छ।

### २.७.२ गीत र गजल

गीत र गजल दुबै पद्यमा रचना गरिने श्रव्य विधा हुन् । भावका आधारमा आत्मपरकता दुबैका अनिवार्य तत्त्व हुन्। दुबैको मुख्य प्राण भर्ने तत्त्व लय नै हो दुबैमा आख्यानरहित संक्षिप्तमा हुने देखिन्छ। दुबैको भाषा सरल, सहज र स्पष्ट भैकन पनि कोमल हुने गर्दछ। विषयवस्तुका दृष्टिले चाहिँ गजलमा शृङ्गारिकता नै बढी मात्रामा आएको हुन्छ भने गीतमा प्रकृति, देशभक्ति, युगबोध जस्ता विषयलाई पनि महत्त्व दिइएको पाइन्छ।

परिच्छेद तीन

# त्रिविक्रम पाण्डेको गीतकार व्यक्तित्व

## ३.१ जन्म र जन्मस्थान

गीतकार त्रिविक्रम पाण्डेको जन्म वि.सं. २०२७ भदौ ८ गते जनकपुर अञ्चल दोलखा जिल्ला सुनखानी गा.वि.स. वडा नं. ४ सित्का भन्ने गाउँमा पिता कृष्णबहादुर पाण्डे र माता कृष्णलक्ष्मी पाण्डेका ३ सन्तान मध्ये दोस्रो सन्तान र माहिला सुपुत्रको रुपमा भएको हो । न्वारानको नाम तेजेन्द्र भएपनि आफ्नो नाम त्रिविक्रम पाण्डे राख्न पुगेका उनी आज नेपाली साहित्यको फाँटमा यही नामबाट परिचित छन् ।

## ३.२ पारिवारिक पृष्ठभूमि

दोलखा जिल्लाको सुनखानी-४,सित्का गाउँमा रहेको पाण्डेको परिवार वि.सं. २०३२ सम्म गाउँमा नै बसेको थियो । कृष्णबहादुर पाण्डे र कृष्णलक्ष्मीका ३ छोराहरू रहेका छन् । बुबा कृष्णबहादुर पाण्डे नेपाली सेनामा कार्यरत भएकाले वि.सं.२०३३ देखि उनको परिवार दोलखाबाट काठमाडौमा बस्न थालेको हो । काठमाडौ-९, पुरानो बानेश्वर, बत्तीसपुतलीमा बसेको उनको सामुहिक परिवारबाट अलग्गिई वि.सं. २०५८ देखि उनी श्रीमती र एक छोरी सहित बालकोट -९, भक्तपुरमा बस्न थालेका छन् । उनका बुबा आमा बत्तीसपुलतीमा नै बस्छन् भने व्यापार व्यवसाय गर्ने दाइ माधव पाण्डे वानेश्वरमा र नेपाली सेनामा कार्यरत भाइ योग्यपुरुष पाण्डे वसुन्धरा, काठमाडौंमा बस्छन् ।

त्रिविक्रम पाण्डे सामान्य पारिवारिक पृष्ठभूमि भएका व्यक्तित्व हुन् । आफ्ना पिता नेपाली सेनामा कार्यरत भएकोले गाउँबाट काठमाडौं आई पढ्ने अवसर प्राप्त गरेको भन्न उनी भुल्दैनन् । आफूले आजसम्म प्राप्त गरेका सम्पूर्ण सफलताको श्रेय उनी बा-आमालाई दिन्छन् ।

## ३.३ बाल्यकाल र शिक्षादीक्षा

सामान्य परिवारमा जन्मिएका त्रिविक्रम पाण्डेको बाल्यकाल सङ्घर्षमय र सङ्क्रमणपूर्ण रहेको पाइन्छ । पिताको जागिर एकमात्र आम्दानीको श्रोत भएकाले परिवारको सम्पूर्ण खर्च धान्न आमाले पनि विविध घरेलु इलम गर्नु परेको हुँदा उनले पनि आमालाई काममा सघाउँदै पढ्नुको विकल्प थिएन । तर पनि उनले स्कुल पढ्ने कुराबाट कहिल्यै वञ्चित हुनुपरेन। उनले सानै उमेरदेखि शिक्षा आर्जन गर्ने अवसर प्राप्त गरेका थिए । गाउँको स्थानीय विद्यालयबाट अक्षरारम्भ गरेका पाण्डेले पितासँग काठमाडौं आई हालको श्री गीतामाता उच्च मा.वि., विजेश्वरी , काठमाडौबाट कक्षा ४ सम्मको अध्ययन पूरा गरी श्री सहिद शुक्र मा.वि. , बागबजार, काठमाडौंबाट वि.सं. २०४४ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुन् । यसपछि उच्च शिक्षा आर्जन गर्न काठमाडौको नेपाल कमर्श क्याम्पस, मिनभवनमा भर्ना भएर वि.सं.२०४७ सालमा आई. कम. उत्तीर्ण गरे । स्नातक तहको पढाइ उनले शङ्करदेव कलेज, पुलतलीसडकबाट वि.सं.२०५० मा पूरा गरे । त्यसपछि स्नातकोत्तर पढाइका लागि उनी त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा भर्ना भै यसै विश्वविद्यालयबाट जनप्रशासन विषयमा वि.सं २०६३ मा अध्ययन पूरा गर्छन् । यसपछि पाण्डेको औपचारिक अध्ययनले विश्राम लिएको देखिन्छ । आफ्नो औपचारिक अध्ययन समाप्त गरेपनि स्वाध्ययनलाई निरन्तरता दिई रहेका पाण्डेको गीत लेखनकार्यलाई अनौपचारिक अध्ययनले विशेष टेवा पुगेको देखिन्छ ।

पाण्डेको साहित्य सिर्जनामा बाल्यकाल र शिक्षादीक्षाले ठूलो प्रेरणा प्रदान गरेको छ । सानै उमेरदेखि पढ्ने लेख्ने अवसर प्राप्त गरेका उनी भावुक प्रवृत्तिका भएका कारण साहित्यप्रति प्रेरित भएका हुन् । सानै उमेरमा नै रेडियोमा गीत आउँदा गीतकारको नाम सुन्दा र साहित्यिक कृतिहरू पढ्न पाउँदा उनलाई पनि साहित्यिक कार्यमा लाग्न इच्छा जागेको पाइन्छ । यसैले उनलाई साहित्य सिर्जनामा सहयोग पुऱ्याएको भन्न सकिन्छ । साहित्यिक पाटोका अतिरिक्त पत्रकारिताको अनुभव पनि समेटेका पाण्डेले नेपाल प्रेस इन्स्टिच्युटबाट प्रोफिसेन्सी कोर्स इन जर्नालिजम लयागत अन्य थुप्रै संस्थाहरूबाट विभिन्न विषयमा विविध विषयका तालिमहरू हासिँल गर्न भ्याएका छन् ।

## ३.४ ब्रतबन्ध र वैवाहिक जीवन

गीतकार त्रिविक्रम पाण्डे क्षेत्रीय कुलमा जन्मेका हुनाले उनको ब्रतबन्ध वैदिक परम्पराअनुसार वि.सं. २०४३ मा भयो । त्यतिबेला उनको उमेर १६ वर्षको थियो भने उनी १० कक्षामा अध्ययनरत थिए ।

पाण्डे विवाह गर्नुपूर्व नै आफ्नो औपचारिक अध्ययनलाई बीचैमा छाडी जागिरे जीवनमा प्रवेश गरिसकेका थिए । उनको विवाह दोलखा जिल्ला सुनखानी गा.वि.स. वडा नं.२ निवासी स्व. श्रीमान् देवनारायण र श्रीमती देवमाया शिवाकोटीकी जेष्ठ सुपुत्री सावित्रा शिवाकोटीका साथ वि.सं. २०५४ वैशाख २२ गते वैदिक परम्पराअनुसार भएको थियो । यसरी २७ वर्षको उमेरमा वैवाहिक बन्धनमा बाँधिएका पाण्डेका सन्तानको रुपमा एक छोरी त्रिसा रहेकी छिन् ।

पाण्डेको दाम्पत्य जीवन सुमधुर एवं प्रेमपूर्वक वितिरहेको छ । परिवारका दुवै सदस्य त्रिविक्रम एवं सावित्रा शिक्षित भएका कारण उनीहरू बीच समझदारी र सहयोगको भावना रहेको देखिन्छ । बि.ए. सम्मको अध्ययन पूरा गरेकी सावित्रा असल गृहिणी हुन् भने त्रिविक्रम कर्मचारी सञ्चय कोष, ठमेल, काठमाडौंमा शाखा अधिकृत पदमा कार्यरत छन् । छोरी त्रिसा शङ्कर इन्टरनेशनल इङ्गलिस बोर्डिङ्ग स्कुल, ठिमीमा कक्षा ७ मा अध्ययन गर्छिन् । शिक्षित पारिवारिक वातावरण भएको त्रिविक्रमको परिवार सानो तथा सुखी भएका कारणले गीतलेखन कार्यमा समेत दाम्पत्य जीवनले साथ दिइरहेको छ ।

## ३.५ पेशा / व्यवसाय

गीतकार पाण्डे पेशाले कर्मचारी हुन् । प्रारम्भमा वि.सं.२०४६ सालमा खरदार पदबाट कर्मचारी सञ्चय कोषमा कार्य गर्न थालेका पाण्डे वि.सं.२०५९ मा नायब सुब्बा हुँदै वि.सं. २०६५ बाट शाखा अधिकृत पदमा कार्यरत छन् । उनी फुर्सदको समयमा घर धन्दामा समेत सहयोग गर्दछन् भने पत्रपत्रिका पढ्ने, अध्ययन गर्ने, गीत सुन्ने एवं साहित्य सिर्जना गर्ने पनि गर्दछन् । यसका अतिरिक्त भ्रमण, खेलकूद, समाजसेवामा पनि उनको विशेष रुची छ । पटक-पटक रक्तदान गरिसकेका पाण्डे फुटबल, ब्याडमिन्टन, चेस, दौड आदिका शौखिन हुन् । उनले धेरै ट्रफी र प्रमाणपत्र पनि बटुलेका छन् जुन उनको घरका कोठाहरूका भित्ताका शोभा बनेका छन् ।

## ३.६ प्रेरणा र प्रभाव

सानै उमेरमा नै पढाइका सिलसिलामा आफ्ना पिताका साथ काठमाडौं आएका पाण्डेले मनभित्रका भाव एवं विचारहरूलाई अरु समक्ष पुऱ्याउन गीततर्फ आकर्षित भएका हुन् । लेखिरहेका थुप्रै गीतहरू स्वराङ्कन गराउने इच्छा प्रवल रुपमा जागृत भएपछि विभिन्न कार्यक्रमको सिलसिलामा गायक तथा संङ्गीतकारहरूलाई भेट्ने अवसर जुरेको बुझिन्छ । यसरी सानैदेखि गीतलेखनमा रुची भएको कारण उनी यस क्षेत्रमा लाग्न पुगे ।

विद्यार्थी जीवनदेखि पाठ्यपुस्तकका अतिरिक्त विविध साहित्यिक कृतिहरू पढ्न रुचाउने पाण्डेका रचनाहरूमा त्यसको प्रभाव परेको पाइन्छ । उनको सिर्जनाको मूलप्रेरक स्रोत मनभित्र लुकेर रहेका भाव एवं विचारहरूको प्रष्फुटन नै हो । हुनपनि स्वयं प्रेरित भएर साहित्यिक क्षेत्रमा लागेको उनको आत्मस्वीकृति नै छ ( हेर्नू : परिशिष्ट ) ।

## ३.७ व्यक्तित्व

मानिसको शारीरिक बनोट, काम गर्ने बानी, स्वभाव र उसले समाजमा दिएको योगदानबाट नै व्यक्तित्व निर्माण हुन्छ । शारीरिक रुपले भन्दा पनि पाण्डेलाई उनका गीतहरूले अमर बनाएका छन् ।

### ३.७.१ शारीरिक व्यक्तित्व

त्रिविक्रम पाण्डे गम्भीर स्वभावका देखिन्छन् । न धेरै मोटा न धेरै पातला मध्यम खालको शरीर भएका पाण्डे ५ फिट ५ इन्च उचाइका छन् । उनको हँसिलो अनुहार, गहुँगोरो वर्ण, काला चम्किला आँखा , जुँगा पाल्ने गरेका र सेता दातले उनको अनुहारको परिचय झल्काउँछ ।

पाण्डे साधारण लवाई-खवाईमा नै रमाउँछन् । अतः सामान्य सर्ट पाइन्ट र सामान्य जुत्ता लगाउने उनको बानी छ । उनको बोली मसिनो र नरम छ भने हाँसेर बोल्ने बानी रहेको छ ।

### ३.७.२ साहित्यिक व्यक्तित्व

त्रिविक्रम पाण्डेले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । उक्त तथ्यलाई उनका मुक्तक, कविता, कथा, निबन्ध एवं गीतहरूले प्रमाणित गर्दछन् । वि.सं. २०४६ साल कार्तिकको युवामञ्चमा सभ्यता र भविष्य नामको मुक्तक प्रकाशित गराई नेपाली साहित्यमा प्रवेश गरेका पाण्डेले वि.सं. २०४६ सालमै धेरै माया गर्छु म एक पत्थरलाई बोलको गीत रेडियो नेपालमा रेकर्डिङ्ग गराई नेपाली गीति क्षेत्रमा पनि पदार्पण गरेका हुन् । त्यसपछि वि.सं. २०५२ सालमा म्यूजिक नेपालबाट उनले सिरेटो गीति एल्बम प्रकाशित गराउँछन् भने वि.सं. २०६१ सालमा फैलियो माया दूबोसरी गीति सङ्ग्रह प्रकाशित गराएका छन् । यसका अतिरिक्त विभिन्न पत्र-पत्रिका, पुस्तक एवं गायक/गायिका तथा सङ्गीतकारहरूका गीति एल्बमहरूमा उनका कथा, मुक्तक, कविता एवं गीतहरू प्रशारित, प्रकाशित एवं सार्वजनिक भएका छन् ।

#### ३.७.२.१ कथाकार व्यक्तित्व

त्रिविक्रम पाण्डेले वि.सं.२०६५ सालमा **अन्तर** शीर्षक लघुकथा मधुपर्कमार्फत प्रकाशित गरी आफ्नो सार्वजनिक कथायात्रा सुरुवात गरेका हुन् । यसपछि गोरखापत्रका शनिवारीय अङ्कमा **विभाजन, कलियुगीत प्रेम** जस्ता कथाहरु प्रकाशित भएका छन् । यसका साथै **नातावाद, नियति** जस्ता कथाहरु प्रकाशित गरेका पाण्डेका विविध कथाहरु विभिन्न पत्रपत्रिकाहरुमा छरिएर रहेका छन् ।

पाण्डेका कथाहरुको अध्ययन गर्दा मुख्यतया लघुकथाहरूको नै वर्चस्व रहेको पाइन्छ । उनले आफ्ना कथाहरूमा सामाजिक विकृति र विसङ्गति, अन्याय-अत्याचार, असमानता जस्ता विषयहरूलाई समावेश गरेका छन् । सामाजिक यथार्थ घटनाहरुलाई टपक्क टिपी आफ्ना कथाहरूमा सजाउने पाण्डेका कथाहरु सरल र सरस देखिन्छन् ।

#### ३.७.२.२ मुक्तककार व्यक्तित्व

वि.सं. २०४६ सालमा **सभ्यता** शीर्षकको मुक्तक युवामञ्चमा प्रकाशित गरी आफूलाई मुक्तककारको रुपमा पनि चिनाउन पाण्डे सफल भएका छन् । यसपछि **भविष्य** मुक्तकका साथै अन्य विभिन्न मुक्तकहरू विभिन्न पत्रपत्रिकाहरुमा छरिएर रहेका छन् ।

उनका मुक्तकहरूको अध्ययन गर्दा विशेषत :सामाजिक र राजनीतिक विषयवस्तुमा आधारित छन् । यसका साथै उनका मुक्तकहरू सरल भइकन पनि जीवनसापेक्ष छन् ।

### ३.८ कृतित्त्व

त्रिविक्रम पाण्डेका धेरै गीतहरू विभिन्न पत्रपत्रिकाका एवं गायक गायिका तथा सङ्गीतकारहरूका एल्बमहरूमा प्रकाशित/सार्वजनिक भएका छन् । प्रकाशित कृतिहरूमा भने सिरेटो(२०५२) र फैलियो माया दूबोसरी(२०६१) रहेका छन् । पाण्डेले रचना गरी प्रकाशित भएका सिर्जनाहरूलाई यथासक्य सङ्कलन गरी यहाँ प्रस्तुत गरिएको छ ।

**विभिन्न पत्रपत्रिका एवं पुस्तकहरूमा प्रकाशित रचनाहरू :**

**मुक्तक :** सभ्यता र भविष्य ( युवामञ्चः २०४६ कार्तिक)

**कथाः** मधुपर्क २०६४ र २०६५ का विविध अङ्कहरूमा ।

**गीत :** उकुसमुकुस, मधुपर्क, अरुण अवसर, गोरखापत्र ( शनिवार अङ्क) , मुना , युवामञ्च आदि पत्रपत्रिकाका विभिन्न अङ्कहरूमा ।

**गायक/गायिका एवं सङ्गीतकारहरूका एल्बमहरूमा समावेश भएका गीतहरू**

| **गायक/गायिका** | **सङ्गीतकार** | **एल्बमको नाम** | **गीतको बोल** |
|---|---|---|---|
| मधु क्षेत्री, कुन्ती मोक्तान | शिला ब.मोक्तान | आँतुर आँखा | वर्षे भेल बोकी आए ... |
| जयन्तीराज भण्डारी | शिला ब. मोक्तान | पिपलपाते छाँया | आफ्नो सम्फी ... |
| कुन्ती मोक्तान | शिला बं मोक्तान | मायालुलाई | फैलियो माया... |
| भानुभक्त ढकाल | विनय वर्मा | पीडाको अर्थ | खोलानाला पहाड... |
| राजेशपायल राई | नातिकाजी | मूर्च्छना | मेरो गीतमा मेरै... |
| राजेशपायल राई | शिला ब. मोक्तान | जस्ट फर यु | फैलियो माया ... |
| रविन शर्मा | सुशिल विश्वकर्मा | ..... | धेरै माया ... |
| विनय वर्मा | दिनेश सुब्बा | ..... | मनका पीर व्यथा... |
| विनय वर्मा | दीपक कार्की | ..... | आजको दिन ... |
| रीमा गुरुङ्ग | विनय वर्मा | सुरुचि | तिमीबिना नठान्नू... |
| सञ्जीव कुमार चौधरी | टीका भण्डारी | ..... | वसन्तको फूल हौ कि... |

| | | | |
|---|---|---|---|
| त्रिलोक राना | भानुभक्त ढकाल | समय | तिमीजस्तो छैन कोही |
| जानकी भट्टराई | भूपेन्द्र रायमाझी | फूलको रङ्मा | कहिले यता समयले... |
| विनय वर्मा | विनय वर्मा | जीवनको दोबाटो | सुनौला किरण... |
| विनय वर्मा | विनय वर्मा | जीवनको दोबाटो | जलि रैछ यो दिल... |
| विनोद दाहाल, कुन्ती मोक्तान | विनय वर्मा | ..... | जवानी हो जीवनमा... |
| विनोद दाहाल | विनय वर्मा | ...... | तिमीविना नठान्नू... |
| अमृत क्षेत्री | भानुभक्त ढकाल | अराइभल | मन मेरो कहाँ कहाँ... |
| पूर्ण राई | भानुभक्त ढकाल | पहिलो भेट | आँखाबाट सुस्तरी... |
| विष्णु चौधरी | टीका भण्डारी | ..... | घात छोडी जिन्दगीले... |
| नवीन राई | भानुभक्त ढकाल | नवीन | हिउँदमा घाम प्यारो... |
| मीरा राणा | मीरा राणा | ..... | वैरी भयौ किन... |
| लोचन भट्टराई | शान्तिराम राई | ..... | नदेऊ साथ मलाई... |
| मधु क्षेत्री | मधु क्षेत्री | ..... | खोलासँग आज एक्लै... |
| जयन्तीराज भण्डारी | सञ्जीवकुमार चौधरी | ..... | यो जनममा... |
| थुप्देन भुटिया | विनय वर्मा | सुरुचि | किन किन तिमीलाई... |
| प्रमोद उपाध्याय | विनय वर्मा | सुरुचि | तीता मीठा अनुभूति... |
| विनोद दाहाल र साथीहरू | विनय वर्मा | रेडियो नेपाल | केही गरौं नेपाली हो... |
| भद्रबहादुर रेग्मी | विनय वर्मा | रेडियो नेपाल | नेपाली सबैको नेपाल... |
| धैर्यता शाक्य | गणेश गुरुङ्ग | आमाको माया | टाढै राखौं जीवनदेखि... |
| भानुभक्त ढकाल | विनय वर्मा | ..... | एकान्तमा रोएँ कहिले... |
| विष्णु चौधरी | देवपाल लामा | ..... | भुलिएन तिम्रो याद... |
| विष्णु चौधरी | दिनेश सुब्बा | ..... | पाए पनि तिमीलाई... |
| प्रकाश निग्लेकु | शिला ब. मोक्तान | ..... | रुने फूर्सद कहाँ... |
| सुनिता सुब्बा | शिला ब. मोक्तान | ..... | तड्पिएर दिनमा कति... |
| सन्तोष लामा | भानुभक्त ढकाल | ..... | रुनु रोएँ अब भने... |
| लेखु विवश | बुलु मुकारुङ | ..... | जहाँ मन रम्थ्यो... |
| त्रिलोक राना | शक्ति वल्लभ | सङ्गीत | सुन जोख्ने तराजुमा... |
| त्रिलोक राना | गणेश गुरुङ | सङ्गीत | आफू हारे हारुँ... |
| त्रिलोक राना | गणेश गुरुङ्ग | सङ्गीत | सजिलै पीर व्यथा... |

| | | |
|---|---|---|
| त्रिलोक राना | भानुभक्त ढकाल   सङ्गीत | थाहा पाएँ दुनियाँमा |
| त्रिलोक राना | शिलाबहादुर मोक्तान सङ्गीत | मनको खाली भित्ताभरी |
| पालन विमली | विनय वर्मा ..... | सपुतको लहरमा |

**प्रकाशोन्मुख कृतिहरू :**

क) फैलियो माया दूबोसरी ( सि.डि. तथा क्यासेट एल्बम )

ख) अवशेषका पालुवाहरू ( गीत तथा कविता सङ्ग्रह )

ग) मनका कुरा ( मुक्तक सङ्ग्रह)

गीतकार त्रिविक्रम पाण्डेले साहित्यका विविध विधामा कलम चलाएर बहुमुखी प्रतिभा प्रस्तुत गरेका छन् । वि.सं. २०४६ मा **सम्यता** र **भविष्य** शीर्षकको मुक्तक युवामञ्चमा प्रकाशित गरी सहित्यिक यात्रा सुरु गरेका उनका हालसम्म विभिन्न रचना एवं कृतिहरू प्रकाशित भएका छन् । यसरी नेपाली साहित्यको विविध विधामा कलम चलाए पनि उनी गीतकारको रुपमा स्थापित हुन सफल भएका छन् ।

**३.९ पुरस्कार र सम्मान**

आधुनिक नेपाली गीति क्षेत्रमा अतुलनीय योगदान दिए पनि कुनै पनि समालोचकका आँखामा आजसम्म नपरेपनि उनले सूचना तथा सञ्चार मन्त्रालय, रेडियो प्रशारण सेवा, रेडियो नेपालबाट वि.सं. २०५५ असोज ७ गते क श्रेणीको गीतकारको प्रमाण पत्र पाएका छन् भने वि.सं. २०६५ कार्तिक २२ मा **विशिष्ट श्रेणीको प्रमाण पत्र** पाएका छन् । यसका अतिरिक्त वि. सं. २०६६ मा जेम्स स्कुलले उनलाई सम्मान गरेको छ । श्रोता/ पाठकहरूको माया, श्रद्धा एवं मेरा सिर्जनाप्रतिको उनीहरूको अटुट आकर्षण नै मेरो लागि संसारको सबैभन्दा ठूलो पुरस्कार हो भन्ने पाण्डे पुरस्कारका लागि र ठूलो ठालु मान्छे हुनका लागि लेख्ने नगरेको बताउँछन् । मनभित्र तरङ्गिने भाव/विचारहरूलाई प्रष्फुटन गर्नका लागि उनले गीतहरू सिर्जना गरेका हुन् । उनको लेखन उनको लागि आफूले आफैंसँग कुरा गर्ने एउटा सशक्त माध्यम बनेकोले आजीवन लेखी रहने उनको धारणा छ ।

**परिच्छेद चार**

# गीतहरूको अध्ययन र विश्लेषण

## ४.१. परिचय

वि.सं. २०४६ सालमा **"धेरै माया गर्छु म एक पत्थरलाई, तर पत्थर सक्दैन माया गर्न मलाई"** बोलको गीत रेडियो नेपालबाट सार्वजनिक गरी नेपाली गीतिक्षेत्रमा देखापरेका त्रिविकम पाण्डेका हालसम्ममा दुईवटा गीत सङ्ग्रह प्रकाशित भइसकेका छन् भने अरु थुप्रै गीतहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका पाइन्छन् । यहाँ उनको वि.सं. २०६१ सालमा प्रकाशित दोस्रो सार्वजनिक कृति **फैलियो माया दूबोसरी** गीतिसङ्ग्रहमा सङ्कलित १५५ वटा गीतहरूलाई अध्ययन गर्ने कममा तालिकाको सहयोगले गीति सिद्धान्तलाई आधार मानी विश्लेषण गरिएको छ । यसरी अध्ययन गर्दा कृतिमा सङ्कलित गीतहरूको यथासम्भव सबै पक्षको सङ्क्षिप्त रुपमा विश्लेषणात्मक नालीबेली लगाउने प्रयत्न गरिएको छ ।

**फैलिया माया दूबोसरी** गीतिसङ्ग्रहका गीतहरूलाई यहाँ तालिकामा रखिएको छ ।

| क.सं. | गीतको शीर्षक | अनुच्छेद | स्थायी पङ्क्ति सङ्ख्या | अन्तरा पङ्क्ति सङ्ख्या | विषयवस्तु | परिवेश | लयविधान | अनुप्रास | विम्बबिधान | भाषाशैली | प्रस्तुति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिरेटो | ३ | २ | १२ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | सिरेटो | सरल | एकालापीय |
| २ | साझा घरबारी | ३ | २ | ८ | देशभक्ति | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| ३ | जायजेथा | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | किनार, प्रवास, बादल | सरल | एकालापीय |
| ४ | नाता | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | पत्थर, सलेदो | सरल | सम्बोधनात्मक |
| ५ | उपमा | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल, जून, इन्द्रेणी | सरल | एकालापीय |
| ६ | तिम्रो हुने रहर | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | खेलौना, स्वार्थी, पाइला | सरल | एकालापीय |
| ७ | अविनाशी माया | ४ | २ | १२ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | सपना, कसिंगर, अधर | सरल | एकालापीय |
| ८ | तीतामीठा अनुभूति | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | घाम, बतास, झरी | सरल | सम्बोधनात्मक |
| ९ | मनको संसार | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | अँधेरो | सरल | सम्बोधनात्मक |
| १० | प्रकृतिको खानी | ३ | २ | ८ | देशभक्ति | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | गुँरास, पाखा, पखेरा, छाँगा, दीप | सरल | सम्बोधनात्मक |
| ११ | दवाई | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | दवाई | सरल | सम्बोधनात्मक |
| १२ | ज्यूँने आधार | ४ | २ | ६ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | भेल, नयन | सरल | एकालापीय |
| १३ | छायाँ | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | सिरानी, पालुवा, छहरा, फूल | सरल | एकालापीय |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | घात | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | यात्री | सरल | एकालापीय |
| १५ | कोपिला | ५ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | खडेरी, कोपिला | सरल | एकालापीय |
| १६ | अदृश्य माया | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | ऐना, ऋतुसरी | सरल | सम्बोधनात्मक |
| १७ | एकोहोरो प्रेम | ५ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | सम्बोधनात्मक |
| १८ | विरानो सहर | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | जुनेली रात, अँधेरी रात, वनचरी, सागर | सरल | एकालापीय |
| १९ | खोलानाला | ३ | २ | ८ | देशभक्ति | ऐतिहासिक | मुक्तलय | अन्त्यानुप्रास | बुद्ध | सरल | वक्तव्यपरक |
| २० | निश्चितता | ३ | ४ | १२ | जीवनअनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल, खोला किनार, बगर | सरल | एकालापीय |
| २१ | बैंसको खेला | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | मलम, गगन | सरल | एकालापीय |
| २२ | विक्षिप्तता | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | बिहानी, खाक, नफुल्ने फूल | सरल | एकालापीय |
| २३ | देख्ने चाह | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | देवता, दूत, तलाउ | सरल | एकालापीय |
| २४ | चुनौतीको सामना | ३ | २ | ८ | चेतनामूलक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | समुद्र मोती | सरल | सम्बोधनात्मक |
| २५ | दिलमा कुँदिएको नाउँ | ३ | २ | १२ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | छाँया, बाटो | सरल | सम्बोधनात्मक |
| २६ | सस्तो जीन्दगी | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | ऋतु, खेल | सरल | एकालापीय |
| २७ | अमर प्रेम | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | प्रकृति,मुख | सरल | सम्बोधनात्मक |
| २८ | समर्पण गीत | ३ | २ | ८ | जीवन अनुभूति | ऐतिहासिक | मुक्तलय | अन्त्यानुप्रास | धड्कन | सरल | संवादात्मक |
| २९ | नयन तलाउ | ६ | २ | १० | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | दैलो, झ्याल,तलाउ | सरल | वक्तव्यपरक |
| ३० | प्रदूषण | ३ | २ | ८ | चेतनामूलक | विश्वस्तर | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | एकालापीय |
| ३१ | कमजोरी | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल, आँसु, | सरल | एकालापीय |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | नयन | | |
| ३२ | मुस्किल | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | ओठ, बोट, दिल | सरल | एकालापीय |
| ३३ | परदेशी | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | झरी, मारुनी | सरल | वक्तव्यपरक |
| ३४ | भर | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | वर्षात्, काँडा | सरल | एकालापीय |
| ३५ | साक्षी | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल, पर्दा | सरल | सम्बोधनात्मक |
| ३६ | मनको पाना | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | आँसु, चरी, ऐना | सरल | एकालापीय |
| ३७ | मेला | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | हात, मेला | सरल | सम्बोधनात्मक |
| ३८ | यथास्थिति | ५ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | घाम | सरल | एकालापीय |
| ३९ | अभिनय | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | ठिही | सरल | वक्तव्यपरक |
| ४० | अधिकार र कर्तव्य | ३ | २ | ८ | देशभक्ति | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| ४१ | विपत्ति | ३ | २ | ८ | चेतनामूलक | विश्वस्तर | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| ४२ | पाप पुण्य | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | थुँगा,तुवाँलो | सरल | एकालापीय |
| ४३ | प्रतिबद्धता | ४ | २ | ६ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | एकालापीय |
| ४४ | साकार नहुने सपना | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | किनारा, ऐना | सरल | एकालापीय |
| ४५ | बेल | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | गोटी, बेल | सरल | एकालापीय |
| ४६ | धरती | ३ | २ | ८ | देशभक्ति | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | सम्बोधनात्मक |
| ४७ | कर्कलाको पानी | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | कर्कलाको पानी | सरल | वक्तव्यपरक |
| ४८ | असमानता | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | काँडा,फूल | सरल | एकालापीय |
| ४९ | मायाको घर | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | काँडा | सरल | सम्बोधनात्मक |
| ५० | हाहाकार | ३ | २ | ८ | चेतनामूलक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| ५१ | यो के जिन्दगानी ? | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | पर्दा, पछ्यौरी | सरल | एकालापीय |
| ५२ | मृत्यु प्रतीक्षा | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | घाम | सरल | एकालापीय |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५३ | राष्ट्रप्रेम | ३ | २ | ८ | देशभक्ति | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| ५४ | पैंचो | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | एकालापीय |
| ५५ | दिव्य ज्योति | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | घाम,जून, आकाश | सरल | एकालापीय |
| ५६ | सुखद क्षण | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | जून,तारा, आगो,पानी | सरल | वक्तव्यपरक |
| ५७ | माया फुल्ने याम | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | कुहिरो, पहाड, झरना | सरल | एकालापीय |
| ५८ | परदेश | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | तीखो काँडा | सरल | एकालापीय |
| ५९ | बदला | ३ | २ | १२ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | दियो | सरल | वक्तव्यपरक |
| ६० | सिकारको चोट | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | ढुङ्गा, सिकारी | सरल | एकालापीय |
| ६१ | आजभोलि | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | पिँजडा | सरल | एकालापीय |
| ६२ | दिन महिना साल | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | एकालापीय |
| ६३ | नम्बरी सुन | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | खरानी | सरल | वक्तव्यपरक |
| ६४ | जवानी उपहार | ३ | ४ | १६ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | भमरा | सरल | वक्तव्यपरक |
| ६५ | ढुङ्गा | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | ढुङ्गा | सरल | एकालापीय |
| ६६ | हिम्मत | ३ | २ | १२ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | काँडा | सरल | वक्तव्यपरक |
| ६७ | परिवर्तनशील दुनियाँ | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | पहाड, भँमरा | सरल | वक्तव्यपरक |
| ६८ | मायाको खेल मैदान | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | जून | सरल | एकालापीय |
| ६९ | दिलवाला | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | रात | सरल | सम्बोधनात्मक |
| ७० | रगत हैन पसिना | ४ | २ | १२ | देशभक्ति | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | ज्योति | सरल | वक्तव्यपरक |
| ७१ | अदृश्य चोट | ४ | २ | १२ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | रात, विहानी | सरल | एकालापीय |
| ७२ | पराई माया | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | तारा, गगन, छाल | सरल | एकालापीय |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७३ | बल्दो आगो | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल, पत्थर | सरल | वक्तव्यपरक |
| ७४ | फूल थरीथरी | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल | सरल | वक्तव्यपरक |
| ७५ | जिजीविषा | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल, चिता | सरल | एकालापीय |
| ७६ | तेलबिनाको बत्ती | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | बत्ती | सरल | वक्तव्यपरक |
| ७७ | पीरति धन | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| ७८ | पुर्खाको सम्झना | ३ | २ | ८ | देशभक्ति | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | पसिना | सरल | वक्तव्यपरक |
| ७९ | आवाजको खोजी | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | पुरस्कार | सरल | एकालापीय |
| ८० | खाली हात | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | गङ्गा, चङ्गा | सरल | वक्तव्यपरक |
| ८१ | नफुलेको फूल | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | भमरा | सरल | वक्तव्यपरक |
| ८२ | परिवर्तन | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| ८३ | परदेशी प्रीत | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | काग | सरल | वक्तव्यपरक |
| ८४ | समयको गति | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | पाखा, भीर | सरल | एकालापीय |
| ८५ | नेपाल | ३ | २ | ८ | देशभक्ति | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | पानी | सरल | वक्तव्यपरक |
| ८६ | यौवन | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | कर्कलाको पानी | सरल | सम्बोधनात्मक |
| ८७ | वसन्ती मौसम | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| ८८ | आमालाई हँसाऔं | ४ | २ | १२ | देशभक्ति | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| ८९ | गाँठी कुरा | ३ | ४ | १२ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | जून, तारा, घाम | सरल | सम्बोधनात्मक |
| ९० | संबैधानिक बाटो | ३ | ४ | १२ | देशभक्ति | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | हिमाल | सरल | वक्तव्यपरक |
| ९१ | प्रेमको झण्डा | ३ | २ | १२ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल,जून, तारा | सरल | वक्तव्यपरक |
| ९२ | मालामाल/ कंगाल | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | थाल | सरल | वक्तव्यपरक |
| ९३ | मानवता | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | परेली | सरल | एकालापीय |
| ९४ | संसारको रीत | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | काँडा, तुँवालो | सरल | एकालापीय |
| ९५ | सन्तानको माया | ३ | २ | १२ | चेतनामूलक | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | बारुद | सरल | वक्तव्यपरक |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९६ | गोही | ३ | ४ | १२ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | डढेलो | सरल | एकालापीय |
| ९७ | नियति | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | खोला, पँधेरो | सरल | एकालापीय |
| ९८ | निर्ममता | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल, नाउ, किनारा | सरल | एकालापीय |
| ९९ | प्रेम परीक्षा | ६ | २ | १० | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | तारा, ढुङ्गा,झुपडी | सरल | संवादात्मक |
| १०० | पाहुना | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | खोला, समुद्र,जून | सरल | वक्तव्यपरक |
| १०१ | पराजयको हार | ३ | ४ | १२ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | भीरपाखा | सरल | एकालापीय |
| १०२ | धर्म | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | घामछाँया,भेल | सरल | वक्तव्यपरक |
| १०३ | भावनाको सागर | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | ज्योति, मोती | सरल | वक्तव्यपरक |
| १०४ | मीठो मुस्कान | ३ | २ | १० | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | सागर, खहरे | सरल | संवादात्मक |
| १०५ | ओत | ३ | २ | ८ | चेतनामूलक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल | सरल | वक्तव्यपरक |
| १०६ | सत्मार्ग | ५ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | कोपिला, बगर, खोला | सरल | सम्बोधनात्मक |
| १०७ | पारदर्शिता | ४ | २ | १२ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| १०८ | एकान्तमा रोएँ | ३ | २ | १२ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | डोली | सरल | वक्तव्यपरक |
| १०९ | विनाशी नशा | ३ | २ | ८ | चेतनामूलक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| ११० | दुःख सुखका कुरा | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| १११ | काँचुली | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल | सरल | एकालापीय |
| ११२ | समय | ४ | २ | १२ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | दीप | सरल | वक्तव्यपरक |
| ११३ | पीडा | ४ | २ | १२ | देशभक्ति | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | छेपारो | सरल | सम्बोधनात्मक |
| ११४ | कल्पना | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल, भमरा | सरल | वक्तव्यपरक |
| ११५ | धन | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | सुनचाँदी | सरल | वक्तव्यपरक |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११६ | प्रेमको मोहनी | ३ | ४ | १२ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | सम्बोधनात्मक |
| १४० | पिँजडा | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | हावा, चौतारी | सरल | एकालापीय |
| ११७ | अभागी / भाग्यमानी | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| ११८ | अनिँदो रात | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| ११९ | मुक्ति | ३ | २ | ८ | देशभक्ति | स्थानगत | मुक्तलय | अन्त्यानुप्रास | साउन | सरल | वक्तव्यपरक |
| १२० | सिँढी | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | सिँढी | सरल | वक्तव्यपरक |
| १२१ | निर्मोही | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | आगो | सरल | वक्तव्यपरक |
| १२२ | औंशीको रात | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल, पात | सरल | वक्तव्यपरक |
| १२३ | सुनचाँदी | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | सुन, चाँदी | सरल | वक्तव्यपरक |
| १२४ | साथी | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | खोला | सरल | एकालापीय |
| १२५ | वरदान | ३ | ४ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | बादल, महल | सरल | वक्तव्यपरक |
| १२६ | आदेश | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | एकालापीय |
| १२७ | अप्सरा / परी | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | सम्बोधनात्मक |
| १२८ | हाँस्नेहरू माझ | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | एकालापीय |
| १२९ | निस्तो हाँसो | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल | सरल | एकालापीय |
| १३० | रहरको ठूटो | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | विस्कुन, काँडा | सरल | वक्तव्यपरक |
| १३१ | बन्द परेली | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | खहरे | सरल | एकालापीय |
| १३२ | धीत | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | जून, पालुवा | सरल | वक्तव्यपरक |
| १३३ | याद | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | छानो | सरल | सम्बोधनात्मक |
| १३४ | फणा | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल, फणा | सरल | एकालापीय |
| १३५ | आशा अनि हौसला | ४ | २ | १२ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | सम्बोधनात्मक |
| १३६ | नाटक | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| १३७ | इमान जमान | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | जाल, काग | सरल | वक्तव्यपरक |
| १३८ | अचानो | ३ | २ | १२ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | खुकुरी, अचानो | सरल | वक्तव्यपरक |
| १३९ | करुण कहानी | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | पँधेरो,काँडैकाँडा | सरल | वक्तव्यपरक |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४१ | चिनो | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | तुवाँलो | सरल | एकालापीय |
| १४२ | दुर्भाग्य | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | दिन, रात | सरल | एकालापीय |
| १४३ | सुकेको रुख | ३ | २ | ८ | चेतनामूलक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | सुकेको रुख | सरल | वक्तव्यपरक |
| १४४ | बालक युवा बृद्ध | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | छानो | सरल | वक्तव्यपरक |
| १४५ | माया जाल | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | फूल, दियो | सरल | सम्बोधनात्मक |
| १४६ | बेमतलब | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | जून, तारा | सरल | वक्तव्यपरक |
| १४७ | विछोड | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | सम्बोधनात्मक |
| १४८ | सम्झनाको डोब | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | प्याला | सरल | सम्बोधनात्मक |
| १४९ | लाख बत्ती | ३ | २ | ८ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | बत्ती | सरल | एकालापीय |
| १५० | माया जाँच्ने कसी | ३ | २ | ६ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | आकाश, धरती | सरल | सम्बोधनात्मक |
| १५१ | सपनाकी परी | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | परी, झरना, रात | सरल | सम्बोधनात्मक |
| १५२ | उघ्रिरने मन | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | जून, रात | सरल | वक्तव्यपरक |
| १५३ | खाडल | ४ | २ | ६ | जीवन अनुभूति | समयगत | मुक्तलय | अन्त्यानुप्रास | - | सरल | वक्तव्यपरक |
| १५४ | भरोसा | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | ढुङ्गा, माटो | सरल | वक्तव्यपरक |
| १५५ | फैलियो माया दूबो सरी | ३ | २ | ८ | श्रृङ्गारिक | समयगत | मुक्तलय | अन्त्यानुप्रास | दुबो, गोधुली साँझ | सरल | सम्बोधनात्मक |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

### ४.२. गीतहरूको अध्ययन र विश्लेषण

नेपाली गीतिक्षेत्रमा देखापरेका पाण्डेको **फैलियो माया दूबोसरी** गीतिसङ्ग्रहका गीतहरूलाई निम्न कोणबाट निम्नानुसार अध्ययन र विश्लेषण गरिन्छ ।

### ४.२.१. संरचना र स्वरुप

गीतको पहिलो अनुच्छेद स्थायी हो भने स्थायीबाहेकका अन्य अनुच्छेदलाई अन्तरा भनिन्छ । पाण्डेका धेरैजसो गीतहरू २ स्थायी र ८ अन्तरामा रचना भएका छन् ।

संरचनात्मक स्वरुपका आधारमा गीतकार पाण्डेले धेरै प्रकारका गीतहरू रचना गरेका छन् । उनका गीतको स्थायी भागमा २ र ४ पङ्क्तिको व्यवस्था भएको छ । उनको **सिरेटो, घात,भर, यौवन** लगायत १४७ वटा गीतमा २ पङ्क्तिलाई स्थायी स्वीकारिएको छ भने **निश्चितता, जवानी उपहार, पराजयको हार** लगायत ८ वटा गीतमा ४ पङ्क्तिलाई स्थायी स्वीकारिएको छ ।

गीतकार पाण्डेका धेरैजसो गीतमा स्थायी भागमा रहेको भावलाई अन्तरा भागले स्पष्ट पार्ने काम गरेको छ । उदाहरणको लागि **प्रकृतिको खानी** शीर्षक गीतलाई हेर्न सकिन्छ ।

केही गरौं नेपाली हो नेपालको लागि
विकास पथमा सबै मिली बनौं सहभागी ।

लालुपाते गुराँस फुल्छ पाखा पखरामा
अटुट बग्छ कञ्चन पानी छाँगा छहरामा
त्यागनु पर्‍यो बिना इलम दिन बिताउने बानी
सम्पन्न छ देश हाम्रो प्रकृतिको खानी

बली रहोस् हाम्रो मौलिक संस्कृतिको दीप
जोगाइ राखौं पूर्खाहरूको प्राचीन कला सीप
स्वाधीनता छ प्यारो हाम्रो इतिहासमा साक्षी
गौरवमा बाँचौं सधैं पौरखमा हाँसी ।

(पाण्डे, २०६१:१०)

गीतका स्थायी भागमा सम्पूर्ण गीतको सारवस्तु प्रस्तुत हुने र अन्तरामा त्यसै कुरालाई पुष्टि गरिन्छ भने स्थायी र अन्तरा भागका बीच कार्य  र कारणको सम्बन्ध पनि हुन सक्छ ( बराल, २०५५:९) । माथि प्रस्तुत गरिएको गीतमा पनि कार्य र कारणको सम्बन्ध छ ।

संरचनात्मक आयामका आधारमा पाण्डेका गीतमा थोरैमा ८ पङ्क्ति र बढीमा २० पङ्क्तिसम्मको  व्यवस्था भेटिन्छ भने अधिकांश गीतहरू १० पङ्क्तिका संरचनामा आबद्ध छन् । उनको सबैभन्दा थोरै पङ्क्ति भएको **ज्यूँने आधार** शीर्षक गीत हो भने **जवानी उपहार** शीर्षक गीतमा सबैभन्दा बढी २० पङ्क्ति छन् । अनुच्छेदका आधारमा उनका गीतहरूमा ३ देखि ६ अनुच्छेदसम्मको संरचना भेटिन्छ जसमा **नाता, दवाई, भर, आदेश** लगायत १३७ गीतमा ३ अनुच्छेद, **अविनाशी माया, प्रतिबद्धता** सहित ११ गीतमा ४ अनुच्छेद , **कोपिला, सत्मार्ग** लगायत ४ गीतमा ५ अनुच्छेद र **नयन तलाउ** सहित ३ गीतमा सबैभन्दा बढी ६ अनुच्छेद  छन् । यसरी धेरैजसो गीतहरू ३ अनुच्छेदमा रचना भएका छन् ।

### ४.२.२. विषयवस्तु र भाव

पाण्डेले आफ्ना गीतमा विविध विषयवस्तुलाई समावेश गरेका छन् । विविध विषयमा रचना भएका उनका गीतमा व्यक्त विषयवस्तुहरूमा प्रणयप्रेम, देशभक्ति, जीवनअनुभूति, चेतनामूलक मुख्य छन् भने प्रकृतितर्फ पनि उनको विशेष रुची देखिन्छ । पाण्डेले स्वयं देखेका, भोगेका तथा प्राप्त गरेका ज्ञान र अनुभवलाई गीतमार्फत प्रस्तुत गरेका छन् ।

**पाण्डेका गीतमा प्रणयप्रेम :**

गीतकार पाण्डेका धेरैजसो गीतहरू श्रृङ्गारिक भावका छन् । उनका गीतमा युवायुवतीका अनुभूतिहरू झल्किएका छन् । प्रेमी र प्रेमिकाको संयोग र वियोगको चित्र उनका गीतहरूमा देखिन्छ । उदाहरणका रुपमा केही गीतका अंशहरू :

(क) छायाँ सरी पछ्याउँदै तिम्रो याद आउँछ
यो दिलमा कुँदिएको हेर तिम्रै ठाउँ छ ।
(पाण्डे, २०६१:२५)

(ख) तिमी जस्तो छैन केही सुन्दरताको धनी
सपनी नै तिमी मेरो तिमी नै विपनी
बरको छाँयामा बरको छाँयामा
म भुलें प्रियसी तिम्रो मायामा
(पाण्डे,२०६१:११६)

माथिको पहिलो उदाहरणमा प्रेमीले आफ्नी प्रेमिकालाई राख्न दिलमा कुँदिएको ठाउँ रहेको र प्रेमिकाको याद छाँयासरी रहेको भाव व्यक्त भएको छ भने दोस्रो उदाहरणमा सुन्दरताले युक्त भएकी प्रेमिकालाई सपनी तथा विपनीमा देखिदा उनकै मायामा प्रेमी भुलेको भाव व्यक्त भएको छ ।

**पाण्डेका गीतमा देशप्रेम :**

राष्ट्रिय भावना जगाउने र राष्ट्रको गौरवगाथा गाउने गीत नै देशभक्तिले ओतप्रोत भएका गीतहरू हुन् । पाण्डेका गीतहरूमा देशप्रेमको भावना मार्मिक रुपमा प्रस्तुत भएको छ । उनका गीतहरूले राष्ट्रको मौलिकता झल्काउने, धर्म, संस्कृति, परम्परा आदिलाई जोगाउने जस्ता भावहरू व्यक्त गरेका छन् । उनका यस्ता गीतले राष्ट्रको मौलिकता झल्काउने धर्म, संस्कृति, परम्परा आदिलाई जोगाउने तथा हरेक देशवासीको नसामा बग्ने रगतमा राष्ट्रको अस्तित्त्व र अस्मिताको रक्षाको लागि तागत थप्ने काम गरेका छन् । यहाँ गीतकार पाण्डेद्वारा रचित राष्ट्रवादी गीतका केही पङ्क्तिहरूलाई उदाहरणका रुपमा प्रस्तुत गरिएको छ ।

(क)	बली रहोस् हाम्रो मौलिक संस्कृतिको दीप
जोगाइ राखौं पूर्खाहरूको प्राचीन कला सीप
स्वाधीनता छ प्यारो हाम्रो इतिहासमा साक्षी
गौरवमा बाँचौं सधैं पौरखमा हाँसी ।

(पाण्डे,२०६१:१०)

(ख)	जन्मभूमि सम्झी फेरि गौतम बुद्ध यहाँ आऊन्
हत्या हिंसा आतङ्कबाट नेपालीले मुक्ति पाऊन् ।

(पाण्डे,२०६१:११९)

माथिको पहिलो पङ्क्तिमा व्यक्तिगत स्वार्थभन्दा माथि उठी देशको स्वाधीनतालाई बचाउन संस्कृतिको रक्षा गर्दै पौरखी बन्न आग्रह गरिएको छ भने दोस्रो पङ्क्तिमा देशमा रहेका हत्या हिंसा आतङ्कबाट नेपालीले मुक्ति पाऊन् भन्ने चाहना व्यक्त भएको छ ।

**पाण्डेको गीतमा जीवन अनुभूति :**

पाण्डेका गीतमा जीवनका अनुभूतिहरू प्रकट भएका छन् । जीवन जीउने क्रममा आएका हाँसो-रोदन, सुख-दुःख आदि नै जीवन अनुभूति हुन् । यस्तै भाव व्यक्त भएका गीतका केही अंशहरू :

(क)	हिउँदको चिसो बतास बर्षातको झरी
जित्न खोजी आखिर मैले हारेँ सधैंभरि
उकालीमा ठेस लाग्यो ओरालीमा लडेँ
जतातिर छैन लक्ष्य , उतैतिर बढेँ ।

(पाण्डे, २०६१:८)

(ख)	एक्लै जन्मी एक्लै मर्नु पर्ने यो संसार
साथी खोज्छ यो मन फेरि किन बारम्बार ?
आज यस्तो यो जिन्दगी भोलि कस्तो होला ?
भेटिन्थ्यो कि खुसी तर्न पाए अश्रु खोला ।

( पाण्डे,२०६१:१२४)

माथिको पहिलो उदाहरणमा लक्ष्यविहिन जिन्दगीमा अगाडि बढ्दा धेरै अप्ठ्याराहरूको सामना गर्नुपरेको अनुभूति प्रकट भएको छ भने दोस्रो उदाहरणमा एक्लै जन्मी एक्लै मर्नुपर्ने यथार्थता थाहा हुँदाहुँदै पनि मानिस जीवनसाथीको खोजीमा भौतारिने यथार्थता व्यक्त भएको छ ।

**पाण्डेका गीतमा चेतना :**

पाण्डेका गीतमा चेतनाका विविध पक्षहरूलाई देख्न पाइन्छ । त्यसैले उनलाई एक चेतनामूलक गीतकारको रुपमा पनि चिन्न सकिन्छ । हुन पनि गीतकारहरूले गीतमार्फत मानिसलाई सत्कर्मतर्फ अग्रसर गराउनु नै पर्छ । जीवन जगतका नराम्रा पक्षलाई त्यागी राम्रा पक्षलाई स्वीकार गर्ने भाव व्यक्त भएका पाण्डेका केही गीतका अंशहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

(क) प्रदूषण छ जताततै सहर वस्ती माझ
पानी होइन नदीमा फोहोर ढल बग्छ आज
धरतीले थेग्ला कति जनसङ्ख्याको भार ?
सङ्कटमा पर्न सक्छ सारा मानव संसार ।
(पाण्डे , २०६१:३०)

(ख) सुक्यो झरना बारुदले डढ्यो वन पहरा
नेपाली त नेपालीकै बनौं न सहारा
के पायौं ,शान्तमय देश अशान्त पारी ?
भाइ-भाइ माझ हुनु हुन्न यहाँ काटामारी ।
(पाण्डेः२०६१,९५)

माथिको पहिलो उदाहरणमा प्रदूषणले समाजलाई पारेको प्रभावको वर्णन गरी यसप्रति बेलैमा सजग हुन अनुरोध गरिएको छ भने दोस्रो अंशमा मानव मानवबीच भाइचाराको नाता हुनुपर्ने र शस्शास्त्रहरूको होडवाजीले सुन्दर धरती कुरुप भएकाले यसतर्फ सचेत हुनुपर्ने भाव व्यक्त भएको छ ।

### ४.२.३. परिवेश चित्रण

गीतकार पाण्डेका गीतहरूमा आन्तरिक र बाह्य दुबै परिवेशको प्रयोग गरिएको छ । गीतकारको आत्मालाप नै गीत हुने हुनाले पाण्डेका गीतहरूमा आन्तरिक परिवेशको बढी प्रयोग भएको देखिन्छ । उनका गीतहरूमा आन्तरिक मनका रागात्मक भावहरूको बाहुल्य रहेता पनि देशप्रेम, प्रकृतिप्रेम जस्ता विविध वस्तुहरू परिवेशका रुपमा आएका छन् ।

पाण्डेका गीतमा विभिन्न प्रकारका परिवेशको प्रयोग पाइन्छ । उनले कतै आफू जन्मेको गाउँले परिवेशलाई गीतमा सजाएका छन् भने कतै विश्वस्तरीय परिवेशलाई सजाएका छन् । हुन त प्रकाशिका सावित्रा शिवाकोटीले भनेकी पनि छिन् -पाण्डेका गीत धेरैजसो प्रेम र थोरैजसो दर्शन, धेरैजसो स्वदेश र थोरैजसो विश्व विषयमा आधारित छन् ( पाण्डे,२०६१:छ) ।

**पाण्डेका गीतमा समयगत परिवेश**

प्रकृतिका विभिन्न समय बोध गराउने परिवेश समयगत परिवेश हुन् । पाण्डेका अधिकांश गीतहरूमा यही परिवेशको प्रयोग भएको छ । उदाहरणका लागि निम्नलिखित पङक्तिलाई लिन सकिन्छ :

(क) वसन्तको फूल हौ कि शरदको जून
शब्द छैन तिमीलाई उपमा दिऊँ कुन ।
(पाण्डे, २०६१:५)

(ख) विपत्तिमा मेरो आफ्नो घाम भयो न छाँया
जिउँदै जलेँ आगोलाई भो लासको माया
अनिदो रात मेरो उराठ हर विहानी
आफैसँग हार्नु पर्ने यो के जिन्दगानी ?
(पाण्डे, २०६१:५१)

उपर्युक्त गीतहरूमा प्रयुक्त वसन्तको फूल, शरदको जून ले ऋतुगत समयलाई प्रस्तुत गरेको छ भने घाम, छाँया, रात, बिहानी आदिले दैनिक समय प्रस्तुत गर्न सफल

भएकाले यी समयगत परिवेश हुन् । यसरी विभिन्न समयको चित्र उतार्दै गीतलाई अझै सशक्त बनाउन गीतकार सफल देखिन्छन् ।

**पाण्डेका गीतमा स्थानगत परिवेश :**

गीतमा कुनै निश्चित स्थानलाई बुझाउन आएको परिवेश स्थानगत परिवेश हुन्छ । यो परिवेशलाई पारिवारिक वा व्यक्तिगत , स्थानीय, क्षेत्रीय , राष्ट्रिय आदि रुपमा विभाजन गर्न सकिन्छ । पाण्डेका गीतहरूमा स्थानगत परिवेशको प्रयोग भएको छ । उदाहरणका लागि निम्नलिखित पङक्तिहरूलाई लिन सकिन्छ :

(क) पहाड-पर्वतको देश यो सौन्दर्यको हो खानी
नदी-झरना बगाउँछन् कञ्चन चोखो पानी
रोदीमा म नाँच्छु गाउँछु यही राष्ट्रको गान
नेपाली हुँ नेपाल हो मेरो प्राण ज्यान ।
( पाण्डे, २०६१:८५)

(ख) भीर -पाखा सुसाउँछ झरनाको साथ
जून चम्के उजेलिन्छ अन्धकार रात
चाहनाको फूल पाऊँ मायालाई चढाउन
दिलसँग दिलको दैवको भेट लौ गराऊन ।
(पाण्डे,२०६१:१५१)

माथिका गीतका पङ्क्तिहरूमा आएका पहाड-पर्वत, नदी-झरना, भीर-पाखा आदिले विभिन्न ठाउँको चित्र उतारेका हुनाले यी स्थानगत परिवेश हुन् । नेपाली प्रकृतिका विभिन्न पाटाहरुको दिग्दर्शन गराउन यस्ता शब्दहरू सफल भएका छन् ।

**पाण्डेका गीतमा विश्वस्तरको परिवेश :**

विश्वका विविध वस्तुलाई बुझाउन आउने परिवेश विश्वस्तरको परिवेश हो । पाण्डेका गीतहरूमा विश्वस्तरको परिवेश पाइन्छ । उदाहरणका लागि निम्नलिखित पङक्तिलाई लिन सकिन्छ :

(क)	नरहे रुख-बुट्ट्यान, बाढी-पहिरो आउँछ
नरहे धरती हाम्रो कहाँ अन्त जाने ठाउँ छ
बाँचौं अनि बाँच्न दिऊँ भावी सन्ततिलाई
सचेत भई रोकौं मिली आउने विपत्तिलाई ।

(पाण्डे,२०६१:४१)

यस पङ्क्तिमा आएका रुख-बुट्ट्यान , धरती आदिले विश्वभरि रहेका विविध वस्तुहरुको चित्र उतार्न सफल भएकाले यी विश्वस्तरका परिवेश हुन् । यहाँ प्रयोग भएका शब्दहरुले विश्वका विविध वस्तुहरुलाई चिनाउँदै सबै मिली यसको रक्षार्थ खट्न अनुरोध गरेका छन् ।

**पाण्डेका गीतमा ऐतिहासिक परिवेश :**

इतिहासका विषयवस्तु, व्यक्ति आदिको वर्णन गरिएको परिवेशलाई ऐतिहासिक परिवेश भनिन्छ । पाण्डेका केही गीतहरूमा ऐतिहासिक परिवेशको प्रयोग भएको छ । जस्तै :

(क)	मर्नुपर्छ सबैले यहाँ काल टारी टर्दैन
अमर भयौ पासाङ्ग तिम्रो कीर्ति मर्दैन
तिम्रो मुहार झल्काउने भो सगरमाथा दर्पण
श्रद्धा सुमन गर्वले गर्छौं हामी अर्पण ।

(पाण्डे, २०६१:२८)

(ख)	जन्मभूमि सम्झी फेरि गौतम बुद्ध यहाँ आऊन्
हत्या हिंसा आतङ्कबाट नेपालीले मुक्ति पाऊन् ।

(पाण्डे, २०६१:११९)

माथिका गीतका अंशहरूमा आएको पासाङ्ग, गौतम बुद्ध आदि ऐतिहासिक परिवेश हुन् । यहाँ प्रयोग भएका शब्दहरुले देशको इतिहासको सजीव चित्र उतारेका छन् ।

### ४.२.४. लयविधान

लयको सम्बन्ध समय र गतिसँग हुन्छ । यसले गीतलाई गेय पनि बनाउँछ । लयको दृष्टिकोणमा पाण्डेका गीतहरू विविधतामय छन् । तर पनि वर्णमात्रिक छन्दको प्रयोग चाँहि छैन । उनका कतिपय गीतहरूमा अक्षरको समानता पाइन्छ भने कतिपय गीतहरूमा पङ्क्ति पङ्क्तिबीच वर्ण, मात्रा तथा अक्षरगत समानता नभई भावको प्रभाव अनुसार अक्षरहरू घटीबढी किसिमले वितरित भएको छ । उदाहरणको रुपमा केही गीतका अंशहरू

(क) कहिले सुरु भयो जीवन कहिले सकिन्छ ?
किन होला यो मन त्यसै त्यसै बहकिन्छ ?
( पाण्डे, २०६१:७२)

(ख) इमान्दारी छाडी के मा ज्यूँनूको छ शान ?
मान या नमान चोखो छ मेरो इमान ।
( पाण्डे, २०६१:१०७)

(ग) खँडेरी भो जिन्दगी यो , किन बाह्रै मास ?
कोपिलामै झऱ्यो माया छैन फुल्ने आश ।
( पाण्डे, २०६१:१५)

(घ) लाखौं कोशिश गरेँ यहाँ हाँसी हाँसी जिउन
मौनताले तर विवश पाऱ्यो ओठ सिउँन ।
( पाण्डे, २०६१:१०३)

उपयुक्त गीतहरूमध्ये क र ख मा दिइएका पडक्तिहरू मुक्तलयमा रचना भएकाले समान अक्षरको वितरण व्यवस्थाभित्र बाँधिएका छैनन् भने ग र घ मा दिइएका गीतहरूमा प्रत्येक हरफमा अक्षरहरूको समानता रहेकाले नियमित लयव्यवस्थामा बाँधिएका छन् । यति हुँदाहुँदै पनि उनका गीतहरूमा वर्णमात्रिक छन्दको प्रयोग तथा हरेक पङ्क्तिमा ह्रस्वदीर्घको वितरण समान प्रकारले भएको छैन ।

### ४.२.५. अनुप्रास योजना

अनुप्रास शब्दालङ्कारभित्र पर्ने एउटा चर्चित अलङ्कार विशेष हो । समान किसिमका ध्वनिको एकपटक वा अनेकपटक हुने आवृत्तिलाई अनुप्रास भनिन्छ । अनुप्रासयोजनाका दृष्टिले पाण्डेका गीतहरू सफल देखिन्छन् । उनका यस सङ्ग्रहका गीतहरूमा अन्त्यानुप्रासको पूर्ण पालना गरिएको छ । उदाहरणको रुपमा केही गीतका अंशहरू :

(क) केही गरौं नेपाली हो नेपालको लागि ।
विकास पथमा सबै मिली बनौं सहभागी ॥
(पाण्डे,२०६१:१०)

(ख) खोलासँग आज एक्लै हिँडे तिरैतिर
आँसु झारी बगाउँदै हृदयको पीर ।
((पाण्डे,२०६१:३)

(ग) फुल्नुपर्ने याममा हेर नफुलेका फूल
नदेखे झैं गर्छन् कठै भमराका ती हूल ।
(पाण्डे,२०६१:८१)

(घ) फैलियो माया दूबो सरी कहिल्यै घटेन
कहाँ राखूँ तिम्रो याद दिलमा अटेन ।
( पाण्डे, २०६१:१५५)

माथिका गीतका अंशहरूमा लागि-सहभागी, तिरैतिर-पीर, फूल-हूल, घटेन-अटेन जस्ता अन्त्यानुप्रासको संयोजनले गीतलाई श्रुतिमधुर बनाएको छ ।

### ४.२.६. बिम्बविधान

बिम्ब कल्पनाको माध्यमबाट पैदा हुने मानसचित्र हो । यसले कुनै अमूर्त भावनाको पुन:निर्माण गर्दछ । पाण्डेका गीतहरूमा विभिन्न बिम्बहरूको प्रयोग भएको छ । बिम्बलाई दृश्यात्मक, स्वादसम्बन्धी, गतिसम्बन्धी, श्रव्यात्मक, गन्धसम्बन्धी, स्पर्शसम्बन्धी गरी विभिन्न

वर्गमा बाँडेको पाइन्छ । उदाहरणार्थ उनका  केही गीतका अंशलाई यहाँ प्रस्तुत गरिएको छ :

(क) कालो बादल मडारिन्छ मनको आकाशमा
आफ्नै गाउँमा पनि लाग्छ म छु प्रवासमा
कति कोरुँ नमीठो यो जिन्दगीको कथा
केही छैन विरह नै मेरो जायजेथा ।
( पाण्डे, २०६१:३)

(ख) सनईको धुनमा ब्याकूल
मन यसै रुन्छ
दिलको बाजी हारेपछि
चैन कहाँ हुन्छ ?
पीरतिको झोली ब्यर्थै तिम्रो सामु फोएँ
पराईको डोली चढ्यौ, विदाइमा रोएँ ।
( पाण्डे, २०६१:१०८)

माथि दिइएको उदाहरण मध्ये क मा प्रयुक्त बादलले दृश्य बुझाएकोले दृश्यात्मक बिम्ब हो भने ख मा प्रयुक्त सनईको धुनमाले आवाज बुझाएकोले श्रव्यबिम्बको काम गरेको छ । यसरी बिम्बप्रयोगका दृष्टिले पनि पाण्डेका गीतहरू सशक्त र सफल छन् ।

### ४.२.७. भाषाशैली

गीत भाषाका माध्यमबाट अभिव्यक्त हुने कला विशेष हो । गीतले अस्तित्त्व भाषाकै माध्यमबाट प्राप्त गर्छ । गीतमा कथ्य विषयको अभिव्यक्ति भाषाकै माध्यमबाट हुन्छ । भावको प्रस्तुति गरिदिने कार्य भाषाशैलीले गर्छ । भाषाशैलीको दृष्टिले पाण्डेका गीतहरूलाई अध्ययन गर्दा सरल, सरस भाषाका साथै कथ्य भाषाको समेत प्रयोग गरेको पाइन्छ ।

**कथ्य भाषाको प्रयोग भएको गीतको अंश :**

(क) विश्वासको अर्थ हुन्न मन टुटेको बेला
मायाको बहानामा बैस देखाउँछ खेला
लेखिएनि गीत प्रीतका भो म अब गाउँदिन
नदेऊ कोही मलम मलाई भो म हारेँ लाउँदिन ।

( पाण्डे , २०६१:२१)

(ख) ज्यून पर्छ भन्छन्, मायाजालमा अल्भिएर
निदाउँछु जाग्छु मनि तिमीलाई सम्भिएर

(पाण्डे,२०६१:१४५)

माथिको पहिलो उदाहरणमा हुन्न, लेखिएनि , भो तथा दोस्रो उदाहरणमा मनि जस्ता कथ्य भाषाको प्रयोग भएको छ । यसरी कतिपय गीतहरुमा विभिन्न कथ्य भाषाको प्रयोग भए तापनि गीतको श्रुतिमधुरतालाई कत्ति पनि प्रभाव पारेको छैन । अभ्रै यस्ता कथ्य भाषाहरुले गीतलाई अभ्र सशक्त बनाएका छन् ।

परिच्छेद पाँच

# उपसंहार एवं निष्कर्ष

## ५.१. विषयप्रवेश

पाँच परिच्छेदमा विभाजित प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय रहेको छ । यस अन्तर्गत शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषय परिचय, शोधसमस्या, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन र शोधविधि, शोधपत्रको रुपरेखाजस्ता कुराहरुको परिचय दिइएको छ ।

दोस्रो परिच्छेदमा गीतको सिद्धान्त र नेपाली गीतको वर्गीकरण गरिएको छ । यस अन्तर्गत गीतको व्युत्पत्ति र अर्थ, गीतको परिभाषा, गीतका तत्त्वहरु, गीतका विशेषताहरुका साथै गीतसम्बन्धी पाश्चात्य र पूर्वीय सिद्धान्तको चर्चा गरिएको छ । नेपाली गीतको विकासक्रम , वर्गीकरणका साथै कविता र गजलसँग गीतको तुलना पनि यसै परिच्छेदमा गरिएको छ ।

तेस्रो परिच्छेदमा त्रिविक्रम पाण्डेको गीतकार व्यक्तित्वको पहिचान गरिएको छ । वि.सं. २०४६ सालमा **धेरै माया गर्छु म एक पत्थरलाई** बोलको गीत रेडियो नेपालबाट सार्वजनिक गरी नेपाली गीतिक्षेत्रमा पदार्पण गरेका पाण्डेका जीवनका विविध पाटाहरुलाई यस परिच्छेदमा समावेश गरिएको छ ।

चौथो परिच्छेदमा सिद्धान्तको कसीमा पाण्डेका **फैलियो माया दूबोसरी** गीतिसङ्ग्रहमा सङ्कलित १५५ वटा गीतहरुलाई अध्ययन र विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा तालिकाको पनि सहयोग लिई संक्षिप्त रुपमा वर्णन गरिएको छ ।

पाँचौ परिच्छेदमा उपसंहार तथा निष्कर्ष समावेश गरिएको छ ।

## ५.२ त्रिविक्रम पाण्डेको गीतकारिताको मूल्याङ्कन

त्रिविक्रम पाण्डेले प्रशस्त मात्रामा गीतहरू लेखी आफू एक गीतकारको रुपमा स्थापित भैसकेका छन् । उनले वि.सं. २०५२ सालमा गीतहरूको सङ्ग्रह **सिरेटो** सार्वजनिक गरी वि.सं. २०६१ सालमा **फैलियो माया दूबोसरी** गीतिसङ्ग्रह प्रकाशित गरेका छन् ।

गीतकार पाण्डेको **फैलियो माया दूबोसरी** गीतिसङ्ग्रहका गीतहरूको संरचनालाई हेर्दा तिनमा राम्रो तालमेल भएको छ । उनका प्रत्येक गीतमा स्थायी तथा अन्तरा व्यवस्था हुनुका साथै एक अनुच्छेदमा २ देखि ६ सम्मको पङ्क्तियोजना पाइन्छ । संरचनात्मक आयामका दृष्टिले उनका गीतहरू थोरैमा ८ पङ्क्ति र बढीमा २० पङ्क्तिसम्मका छन् । उनका धेरैजसो गीतहरू तीन अनुच्छेदमा रचना भएका छन् ।

गीतकार पाण्डेले यस सङ्ग्रहमा प्रणयलाई विषय बनाएर अधिकांश गीतहरूको रचना गरेका छन् । यसरी हेर्दा उनका श्रृङ्गारिक गीतहरूले नेपाली गीतिफाँटमा विशिष्ट स्थान ओगटेका छन् । यसका साथै उनका कतिपय गीतहरूमा देशप्रेम झल्किएको छ भने कतिपय गीतहरूमा जीवन अनुभूति र कतिपय गीतहरू चेतनामूलक छन् ।

परिवेश चित्रणका आधारमा हेर्दा पाण्डेका गीतमा समयगत, स्थानगत, विश्वस्तरको, ऐतिहासिक आदि परिवेश भेटिन्छ । परिवेश चित्रणमा जस्तै लयविधानमा पनि विविधता रहेको छ । उनका अधिकांश गीतहरू मुक्त लयमा भएपनि कतिपय गीतहरू नियमित लयमा आवद्ध छन् । यति हुँदाहुँदै पनि वर्णमात्रिक छन्दको प्रयोग तथा हरेक पङ्क्तिमा समान प्रकारले ह्रस्वदीर्घको वितरण भएको छैन ।

बिम्बविधानको आधारमा पाण्डेका गीतहरू दृश्यात्मक, र श्रव्यात्मक रहेका छन् भने प्रस्तुतिका आधारमा सम्बोधनात्मक, संवादात्मक, एकालापीय , वक्तव्यपरक रहेका छन् । त्यस्तै अनुप्रास योजनाका दृष्टिले अन्त्यानुप्रासको पूर्ण पालना भएको छ भने भाषाशैली सरल हुँदाहुँदै पनि केही गीतहरूमा कथ्य भाषाको प्रयोग भएको छ । कथ्य भाषाले गीतको भावलाई अझै गति दिएको पाइन्छ ।

## ५.३ निष्कर्ष

नेपाली गीतको फाँटमा गीतसङ्ग्रह, विभिन्न पत्रपत्रिका एवं विभिन्न गायक गायिक तथा सङ्गीतकारहरूका एल्बमहरूमा विभिन्न गीतहरू सार्वजनिक गरी एक सफल गीतकारको रुपमा स्थापित हुन सफल पाण्डेका गीतहरूलाई हेर्दा विविध विषयवस्तु तथा विविध प्रवृत्तिले युक्त गीत लेख्ने पाण्डे करिब ४० को दशकदेखि नेपाली गीतिलेखन क्षेत्रमा तल्लीन गीतकारको रुपमा रहेका छन् । उनका गीतहरूले प्रणयप्रेम, देशभक्ति र जनजागरणका क्षेत्रमा विशेष योगदान पुऱ्याएका छन् ।

समकालीन परिवेशमा परिष्कार तथा परिमार्जन गर्दै नेपाली गीतिक्षेत्रमा निरन्तर रुपमा साधनारत रहेका पाण्डेका यस सङ्ग्रहका गीतहरू हृदयस्पर्शी छन् भने सरल भएकाले उनका गीतहरू नेपाली गीतिपरम्परका उच्च स्थानमा छन् ।

**सम्भावित शोधशीर्षकहरु :**

(क) अलङ्कार प्रयोगका दृष्टिले फैलियो माया दूबोसरी गीतिसङ्ग्रह

(ख) फैलियो माया दूबोसरी गीतिसङ्ग्रहमा श्रृङ्गारिकताको अध्ययन

# सन्दर्भग्रन्थ सूची


आचार्य, खिमानन्द (२०६१), **फैलियो माया दूबोसरी**, गोरखापत्र, वर्ष १०४, अङ्क ३३४

एटम, नेत्र (सम्पा.)(२०५८), **गीतकार कृष्णहरि बरालः सिर्जना र समालोचना**, काठमाडौंः तन्नेरी प्रकाशन

घिमिरे, विष्णु (२०६१),**मनदेखिको मन फैलियो दूबोसरी**,जनप्रहार साप्ताहिक,वर्ष ४,अङ्क ३३

ढुङ्गेल, डिल्लीराम(२०५५), **मोदनाथ प्रश्रितका फुटकर कविता तथा गीतहरुको अध्ययन, विश्लेषण र मूल्याङ्कन**, अप्रकाशित शोत्रपत्रः त्रिभुवन विश्वविद्यालय, काठमाडौं

थापा, मोहनहिमांशु(२०६६), **साहित्य परिचय,** पाँचौ सँस्करण, काठमाडौंःसाझा प्रकाशन

पथिक, मुकुन्दराज(२०५५), **वसन्तका फूलहरू,** अप्रकाशित सिर्जनात्मक लेखनः त्रिभुवन विश्वविद्यालय, काठमाडौं

पाण्डे, त्रिविक्रम(२०६१),**फैलियो माया दूबोसरी**,काठमाडौं ःश्रीमती सावित्रा शिवाकोटी (पाण्डे)

पौड्याल, कृष्णविलास(२०६०),**नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोचना**, काठमाडौंः नवीन प्रकाशन

बराल, ईश्वर र अन्य (सम्पा)(२०५५), **नेपाली साहित्यकोश**, काठमाडौंःने.रा.प्र.प्र.

बराल, कृष्णहरि(२०६०), **गीत सिद्धान्त र इतिहास**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार

बस्नेत, बालकृष्ण (२०६१),**दुई दशकको हेराइ**, कान्तिपुर दैनिक, पौष १७ गते

भट्टराई, घटराज(सम्पा.) (२०५९), **नेपाली स्नातकोत्तर समालोचना**, काठमाडौं : पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर

भट्टराई,बद्रीविशाल(२०६१),**प्रयोगात्मक नेपाली शब्दकोश**,काठमाडौंःविद्यार्थी प्रकाशन प्रा.लि.

राउत, रामेश्वर (२०६५),**दूबोसरी फैलिएको माया**, जनभावना साप्ताहिक, वर्ष २६ अङ्क ३०

राउत, शिशिरकेशरी (२०५९),**गीतकार कृष्णहरि बराल**, अप्रकाशित शोधपत्र ःरत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं

विरही, यम (२०६१), **पाण्डेको माया दूबोसरी फैलियो**, राजधानी दैनिक, जेठ २१ गते

शर्मा, मोहनराज र अन्य (२०६६), **शोधविधि**, काठमाडौ : साझा प्रकाशन

सुवेदी, विष्णु र अन्य(२०६३),**दोलखाली समकालीन साहित्य**,काठमाडौंःइन्द्रेणी साहित्य समाज

त्रिपाठी,वासुदेव र अन्य(२०६०),**नेपाली कविता भाग ४**,चौथो संस्करण, काठमाडौंः साझा प्रकाशन

# गीतकार त्रिविक्रम पाण्डेसँग लिइएको अन्तर्वार्ता

**(क) तपाईको जन्म कहिले र कुन स्थानमा भएको हो ?**

- वि.सं. २०२७ साल भाद्र ८ गते, दोलखा जिल्लाको सुनखानी गा.वि.स.वडा नं.-४ सित्कामा भएको हो ।

**(ख) तपाईको बाल्यकाल कसरी बित्यो ?**

- प्रारम्भमा (४/५ वर्षसम्म) गाउँमा गाउँले पाराले बित्यो । त्यसपछि पढाइको सिलसिलामा काठमाडौमा । गाउँको बिताइ अलौकिक जस्तो लाग्छ । सहरको पीडा मिश्रित । पीडा मिश्रित यसर्थमा, गाउँबाट सहरमा समाहित हुन मानसिक र शारीरिक रुपमा धेरै सङ्घर्षका चरणहरू पार गर्नुपर्‍यो ।

**(ग) तपाईको औपचारिक शिक्षाको क्रम कसरी अगाडि बढ्यो ?**

- गाउँबाट सहर आउनुको मूल धेय नै शिक्षा थियो । मेरा पिताको सन्तानलाई राम्रो शिक्षादीक्षा दिलाउने चाहका कारण विद्यालयदेखि विश्वविद्यालयसम्मको औपचारिक शिक्षा काठमाडौंबाटै क्रमशः निरन्तर रुपमा अघि बढ्यो ।

**(घ) तपाईको पारिवारका सदस्यहरूको वारेमा संक्षेपमा बताइदिनुहोस् न ?**

- बुबा श्री कृष्णबहादुर पाण्डे (अवकाश प्राप्त नेपाली सैनिक), आमा श्रीमती कृष्णलक्ष्मी पाण्डे (गृहिणी), दाजु माधव पाण्डे (व्यापार-व्यवसायमा संलग्न), भाउजू(शिक्षिका), भाइ योज्ञपुरुष पाण्डे (चिकित्सा पेशामा संलग्न), बुहारी (स्वव्यवसायमा संलग्न) मेरी श्रीमती सावित्रा पाण्डे सिवाकोटी (गृहिणी), भतिजाहरू गौरवविक्रम पाण्डे, आशिष पाण्डे, भिमसेन पाण्डे र छोरी सुश्री त्रिसा पाण्डे (विद्यार्थीहरू) । हामी सगोलमा भने छैनौं, आ-आफ्नो अनुकूल अलग-अलग बसेका छौं ।

**(ङ) तपाईको विवाह र दाम्पत्य जीवनबारे केही भनिदिनुहोस् ?**

मेरो विवाह वैदिक विधि परम्परानुसार वि.सं. २०५४ साल वैशाख २२ गतेका दिन भएको हो । दाम्पत्य जीवन सुमधुर छ ।

**(च) तपाईले कुन-कुन संस्थामा आबद्ध भई कार्य गर्नुभयो ? हाल तपाई कहाँ कार्यरत हुनुहुन्छ ?**

मैले संस्थागत रुपमा आबद्ध भई कार्य गरेको संस्था कर्मचारी सञ्चय कोष नै हो । हाल म यसैमा कार्यरत छु । यदि तपाईको प्रश्नको आशय साहित्यिक संस्थासँग हो भने मैले कुनै साहित्यिक संस्थालाई सम्झिन भनौं कि मलाई कुनै साहित्यिक संस्थाले सम्झेन भनौँ, साहित्यिक संस्थामा रहेर साहित्यिक कार्य गर्ने सौभाग्य अहिलेसम्म जुरेन भन्नु पर्छ । बरु साहित्यिक संस्था बाहिरै रहेर विद्यालय/विश्वविद्यालयकाल लगायत अन्यत्र पनि साााहित्यिक पत्र-पत्रिका प्रकाशन एवं सार्वजनिक गर्ने कार्यहरूको अनुभवचाँहि बटुलेको छु ।

**(छ) तपाई नेपाली गीत लेखनतिर आकर्षित हुनुमा के ले प्रभाव पाऱ्यो जस्तो लाग्छ ?**

साहित्यिक पत्र-पत्रिका पढ्ने मेरो बानी र गीत-सङ्गीतप्रतिको मेरो अगाध श्रद्धा एवं अनुरागले म लेखनतर्फ आकर्षित भएँ । प्रत्येक सजीव गीत-सङ्गीत तथा सर्वोत्कृष्ट रचनाहरूले मलाई प्रभाव पाऱ्यो जस्तो लाग्छ ।

**(ज) तपाईको प्रथम प्रकाशित/सार्वजनिक गीत कुन हो ?**

प्रकाशनतर्फ **"खोलासँग आज एक्लै हिँडे तीरैतीर, आँसु झारी बगाउँदै हृदयको पीर"** हो । स्वराङ्कन भई रेडियो मार्फत प्रशारण भएको चाँहि **"धेरै माया गर्छु म एक पत्थरलाई, तर पत्थर सक्दैन माया गर्न मलाई"** बोलको सङ्गीत **सुशील विश्वकर्मा**को र गायन **रविन शर्मा** रहेको गीत हो ।

(झ) **गीतका अतिरिक्त कथा, कविता, मुक्तक आदि विधामा पनि तपाईको कलम चलेको पाइन्छ । ती कुन-कुन पत्रिकामा कति-कति सालमा प्रकाशित भएका हुन् ?**

/ आमनागरिकले मलाई मूलतः गीतकार भनेर चिनेको मैले पाएको छु र म बढिजसो गीतमै केन्द्रित भएरै होला, यसलाई म अस्वाभाविक पनि ठान्दिनँ । तर कहिलेकाँही मेरो कलमले मुक्तक, कथा, निवन्ध, कविता पनि लेख्न पुग्छ । यसरी अभ्यासको क्रममा लेखिएका मेरा सिर्जनाहरू गोरखापत्रका विभिन्न प्रकाशनहरू शनिवार अङ्क (गो.प.), मुना, मधुपर्क, युवामञ्च लगायत अन्य प्रकाशनहरूमा बेला-बेलामा छापिदै आएका र छापिइरहेकाले यही-यही मिति भन्नु युक्तिसङ्गत होला जस्तो लाग्दैन । समग्रमा कुरा गर्ने हो भने ४० को दशकदेखि हालसम्म मेरा कुनै न कुनै रचनाहरू सार्वजनिक भइरहेको सर्वविदितै छ । श्रोता/पाठकहरूको चोखो माया पाएर म सिर्जना यात्रामा अविराम अविचलित रुपमा यात्रारत छु भन्दा सायद अतिशयोक्ति नहोला ?

(ञ) **तपाईले पत्रकारिता पनि गर्नु भयो तर यसलाई पेसाचाँहि किन बनाउनु भएन ?**

/ पत्रकारितालाई व्यवसायिकरण गर्ने मौकै मिलेन । यसैले यो मेरो पेसा बनेन । तर पनि स्वच्छ पत्रकारिता म जहिल्यै रुचाउँछु ।

(ट) **तपाइँलाई मनपर्ने स्वदेशी र विदेशी साहित्यकारहरू को-को हुन् ?**

/ धेरै छन् । नामै किट्दा स्वदेशीमा महाकवि देवकोटा, हरिभक्त कटुवाल, भूपि शेरचन, गोपालप्रसाद रिमाल, पारिजात आदि । विदेशीमा लियो टल्सटाय, एन्टोन चेखभ, थोमस हार्डी, रविन्द्रनाथ टैगोर, जावेद अख्तर आदि ।

(ठ) **तपाई गीत किन लेख्नुहुन्छ ?**

/ धेरै अप्ठ्यारो प्रश्न सोध्नु भयो । जीवन भोगाइका क्रममा उब्जिएका मनका भाव-विचार व्यक्त गर्न र आफूले आर्जेका विविध अनुभवहरू सबैसँग बाँड्नका लागि म गीत लेख्छु । तर अब त गीत लेखन रहर नभएर बाध्यता भइदियो ।

**(ड) तपाईको पुस्तकाकृति "फैलियो माया दूबोसरी" मा कस्ता-कस्ता गीतहरू सङ्ग्रहित छन् ?**

) **"फैलियो माया दूबोसरी"** मा मैले फरक-फरक स्वादका गीतहरू समेटेको छु । मानव जीवनका वास्तविक भोगाइलाई भिन्न-भिन्न तरिकाले गीतको रुप दिने प्रयास भएको छ भन्ने मलाई लाग्दछ । गीतहरूको गुणस्तर के छ ? त्यो त श्रोता-पाठक तथा समीक्षक/समालोचकहरूले मूल्याङ्कन गर्ने कुरा हो । उदाहरणका लागि त्यहाँ प्रेम अन्तर्गत संयोग-वियोग, मान्छेका असली सुख-दुःख, विरह आदि भावका गीतहरू छन् । जीवन दर्शन, वातावरण गीत, जनसङ्ख्या गीत, लागूपदार्थ दूर्व्यशनविरुद्ध चेतना गीत, राष्ट्रिय गीत जस्ता विविधखाले गीतहरू समेत सङ्ग्रहमा सङ्ग्रहित छन् । मैले बाल गीत पनि राख्न लागेको थिएँ । वरिष्ठ गीतकार दाजु रत्न समशेर थापाले भूमिका लेख्ने क्रममा पाण्डुलिपी पढेर- "बाल गीतको पछि छुट्टै सङ्ग्रह निकाल्नोस्" भन्ने सल्लाह दिनु भएकोले ठीक लागेर **"फैलियो माया दूबोसरी"** मा बाल गीतहरूचाँहि परेनन् ।

**(ढ) अन्त्यमा, आगामी दिनहरूमा नेपाली साहित्यमा गीतको भूमिका कस्तो देख्नुहुन्छ ?**

) साहित्यमा गीतको भूमिका अग्रणी हुन्छ भन्दा गीत नलेख्ने वा गीत लेखेर पनि श्रोता/पाठकहरूको मन जित्न असफल साहित्यकारहरूका लागि उट्पट्याङ कुरा हुन जाला । तर वास्तविकता यही हो,- गीतले राजादेखि रङ्कसम्म र झुपडीदेखि दरवारसम्मका मानिसहरूमा आफ्नो प्रभाव जमाउँछ । गीत-सङ्गीतले मानव संसारमा युगौँदेखि महत्त्वपूर्ण स्थान ओगट्दै आएको छ । किनभने मानिसले आफ्ना भावनालाई जहिलेदेखि भाषामा व्यक्त गर्न थाले तहिलेदेखि नै गीतले सर्वग्राह्य एवं सर्वमान्य विधाका रुपमा मान्यता पाउँदै आएको कुरा घाम झैं छर्लङ्ग छ । नेपालमा विगतमा झैं अहिले पनि सामाजिक दायित्वको ख्याल राखी गीत सिर्जना गर्ने सर्जक (गीतकारहरू) को कमी छैन । अतः आगामी दिनहरूमा पनि नेपालमा यसको भूमिका अझै चुलिदै जानेमा म पूर्णत आशावादी एवं विश्वस्त छु । धन्यवाद !

त्रिविक्रम पाण्डे